
# लेखापरीक्षण प्रतिवेदन

# गङ्गाजमुना गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गङ्गाजमुना गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/327

**तविषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गङ्गाजमूना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धादिङ्ग।

**कैफियतसहितको राय**

हामीले गङ्गाजमूना गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएकोआर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

**१.** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड ६५ लाख १० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ६ लाख २० हजार,सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड ७० लाख ७८ हजार, विपद स्वंय सेवक ब्यूरो गठन कार्यक्रम २ लाख ८५ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रम रु. ६४ लाख १५ हजार र स्थानीय तह प्रशासकिय भवन पूर्वाधार कार्यक्रम रु. ५० लाख समेत गरी रु. १७ करोड ५९ लाख ८ हजार समावेश गरेको छैन।

**२.** गाउँपालिकाको रु.१ अर्ब ४० करोड ९९ लाख ६३ हजार लेखापरीक्षण गरिएकोमा रु. ७ करोड ८३ लाख ६३ हजार बेरुजू देखिएकोमा रु. २ लाख प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजु रु.७ करोड ८१ लाख ६३ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू. ९ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८१ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु. ६ करोड ६७ लाख २० हजार र पेश्कि रु. 23 लाख रहेको छ।पालिकाको गत वर्ष सम्म रु. २० करोड ३९ लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २८ करोड २० लाख ६८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

**३.** गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गङ्गाजमूना गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीयविवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गङ्गाजमूना गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | ५५ | ७,८३,६३,३३६ | ० | ९ | २,००,२५४ | ० | ५४ | ४६ | ७,८१,६३,०८० | ९,६६,९३१ | ६,६७,१९,५१३ | ८१,७६,६३७ | ० | ० | ७,४८,९६,१५२ | २३,००,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | २०,३९,४७,००८ | ० | ४२,१६७ | २०,३९,०४,८४१ | 0 | ७,८१,६३,०८० | २८,२०,६७,९२१ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ६३ | पारिश्रमिक कर | ४२,१६७ |
| २ | २०८०/८१ | ४८ | रासन भत्ता | १,४२,५६० |
| ३ | २०८०/८१ | ५० | पारिश्रमिक कर गणना | ५७,६९४ |
| जम्मा | | | | २,४२,४२१ |

# (८०३३०५०२३०० - गङ्गाजमुना गाउँपालिका, धादिंग )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा वडा ७ वटा, क्षेत्रफल १४५ वर्ग किलोमिटर र जनसंख्या २५८७२ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्धेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।११ देखि २०८०।५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१,४०,९९,६३,२३२.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र

लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| ११००० | कर | ८,४२,६५,०९०.४१ | ११,०१,८२,०४०.९६ |
| १३००० | अनुदान | ४१,५९,०४,०८६.०० | ४२,१४,३७,५११.०० |
| १४००० | अन्य राजस्व | ५४,२१,८२५.५२ | ५७,७४,८५०.०० |
| क | कुल जम्मा प्राप्ति | ५०,५५,९१,००१.९३ | ५३,७३,९४,४०१.९६ |
| ३ | चालु | ३१,३२,५४,१५३.७९ | २९,९४,१२,२७९.०० |
| २१००० | पारिश्रमिक / सुविधा | २३,२९,९६,८३८.२९ | २१,९४,३१,४६३.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,५४,०८,२४८.५० | ५,०७,०७,५०५.०० |
| २५००० | सहायता (Subsidy) | 0 | २,१६,०३,८३२.०० |
| २७००० | सामाजिक सुरक्षा | १,३५,५३,२१७.०० | ६३,४४,९२९.०० |
| २८००० | अन्य खर्च | १२,९५,८५०.०० | १३,२४,५५०.०० |
| ४ | पूंजीगत | १९,९३,०८,३४१.०० | १८,५२,३६,३०७.०० |
| ३१११० | भवन तथा संरचना | १,६५,२२,४६२.०० | १,६६,८१,३००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ८४,७५,१८४.०० | ६१,८२,०४०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ८२,८४,९१७.०० | ९०,९६,८४७.०० |
| ३११५० | सार्वजनिक निर्माण | १६,५५,३०,४७८.०० | १५,३२,७६,१२०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ४,९५,३००.०० | 0 |
| ख) | कुल जम्मा भुक्तानी | ५१,२५,६२,४९४.७९ | ४८,४६,४८,५८६.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | (६९,७१,४९२.८६) | ५,२७,४५,८१५.९६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १२,१८,५२२.९० | ५१,५४,११४.८९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -७१६० | (७,३६,७१३.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (५७,५२,९६९.९६) | ५,७८,९९,९३०.८५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,६०,०९,५९९.०९ | २,८५,०६,८६६.१६ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७,०२,५६,६२९.१३ | ८,६४,०६,७९७.०१ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले प्रकोप कोष

खाता र अन्तर सरकारी अख्तियारी स्थानिय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम, पर्यटन पूर्वाधार विकास कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम, विपद् स्वयंसेवक ब्यूरो गठन कार्यक्रम तथा सामाजिक सुरक्षा समेत जम्मा रु.१७५९०८२६१ को सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी फरक परेको छ । एकिकृत आर्थिक विवरण र शुत्र अनुसारको प्रतिवेदनमा फरक देखिएको जिम्मेवारी अ.ल्या. प्राप्ति एवं भुक्तानीको हिसाव एकिन गरी बैंक मौज्दात् को फरक परेको हिसाव एकिन समायोजन गर्नुपर्दछ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी आम्दानी खर्चमा पारदर्शिता कायम गर्नुपर्दछ ।

***आयव्यय विवरण***
***आ.व २०८०/८१***
***गंगाजमुना गाउँपालिका***

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ७७७४७२४६ | १ | चालु खर्च | ३१३२५४१५४ | ३१३२५४१५४ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १९८३०८३४१ | १९८३०८३४१ |
| | ख) बैंक | ६६७१७६९३ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) धरौटी गत आ.ब.को अ.ल्या. | ११०२९५५३ | | ४ | धरौटी फिर्ता | ४३४९६६९ | ४३४९६६९ |
| २ | राजस्व ( आन्तरिक आय) | | ९६१२८१९८ | ५ | मौज्दात | | ५९५८८५२४ |
| | क) आन्तरिक राजस्व | ५४२२५४६ | | | क) बैंक मौज्दात | ४५८१०९६६ | |
| | ख) राजस्व बाँडफाँड | ८९५५५६५२ | | | ख) नगद मौज्दात | | |
| | ग) अन्य आय (मातपोत बाट प्राप्त) | ११५०००० | | | ग) धरौट मौज्दात | १३७७७५५८ | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३५१०८२०८६ | ६ | शसर्त अनुदान फिर्ता | २१३७६५१६ | २१३७६५१६ |
| | क) वित्तिय समानीकरण अनुदान | १११५०७००० | | ७ | प्रकोप कोष खाताको मौज्दात | १७२८०७२ | १७२८०७२ |
| | ख) सशर्त अनुदान | २२५४१७५०० | | ८ | अन्तर सरकारी अख्तियारी | | १७५९०८२६१ |
| | ग) समपूरक अनुदान | ५६९१९७३ | | | स्थानिय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम | ५०००००० | |
| | घ) विशेष अनुदान | ८४६५६१३ | | | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ६४१५२४८ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६४८२२००० | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६२०००० | |
| | क) वित्तिय समानीकरण अनुदान | १२४७६००० | | | एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | १६५१०४७१ | |
| | ख) सशर्त अनुदान | २२३४६००० | | | विपद् स्वयंसेवक ब्यूरो गठन कार्यक्रम | २८५००० | |
| | ग) समपुरक अनुदान | १००००००० | | | सामाजिक सुरक्षा | १४७०७७५४२ | |
| | घ) विशेष अनुदान | २००००००० | | | | | |
| ५ | धरौटी आय | | ७०९७६७४ | | | | |
| | चालु आ.व. | ७०९७६७४ | | | | | |
| ६ | प्रकोप कोष खाताको मौज्दात | १७२८०७२ | १७२८०७२ | | | | |
| ७ | अन्तर सरकारी अख्तियारी | | १७५९०८२६१ | | | | |
| | स्थानिय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम | ५०००००० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ६४१५२४८ | | | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६२०००० | | | | | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | १६५१०४७१ | | | | | |
| | विपद् स्वयंसेवक ब्यूरो गठन कार्यक्रम | २८५००० | | | | | |
| | सामाजिक सुरक्षा | १४७०७७५४२ | | | | | |
| | जम्मा | ७७४५१३५३७ | ७७४५१३५३७ | | जम्मा | ७७४५१३५३७ | ७७४५१३५३७ |
| केन्द्रिय राजस्वतर्फ जम्मा रु.२१०३०५७३ राजस्व संकलन तथा सञ्चित कोष दाखिला भएको आर्थिक विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित भई पेश भएको छ । | | | | | | | |

***तुलना***

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७,६०,०९,५९९.०९ | ५०,५५,९१,००१.९३ | ५१,२५,६२,४९४.७९ | ७,०२,५६,६२९.१३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७७७४७२४६ | ६९६७६६२९० | ७१३१९६९४० | ६१३१६५९६ |
| फरक | -१७३७६४७ | -१९११७५२८८ | -२००६३४४४५ | ८९४००३३ |

२.४ पालिकाको प्राप्ति तथा भुक्तानी हिसावमा देखाएको गत वर्षको वाँकि मौज्दात् रु. ८,६४,०६,७९७.०१ मा कुल प्राप्ति रु. ५०,५५,९१,००१.९३जोड गरी कुल भुक्तानी रु. ५१,२५,६२,४९४.७९ घटाउँदा अन्तिम मौज्दात् रु. ७९४३५३०४।१५ वाँकि हुने देखिन्छ । तर कार्यालयले सुत्र प्रणाली प्रयोग गरी तयार गरेको वित्तिय विवरणमा वर्षान्तमा वाँकि मौज्दात् रु. ७,०२,५६,६२९.१३ मात्र देखाएको छ । प्रणालीको हिसावमा अन्तिम मौज्दात् मा फरक परेको रु.९१७८६७५।०२ का सम्वन्धमा हिसावमिलान गर्नुपर्दछ ।

२.५ त्यस्तै सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु ८,६४,०६,७९७.०१ रहेकोमा यस वर्ष रु ७,६०,०९,५९९.०९जिम्मेवारी सारेको छ । यसरी फरक जिम्मेवारी सारेको रु.१,०३,९७,१९७।९२ का सम्वन्धमा पालिकाले यकिन गरी हिसाव समायोजन गर्नुपर्दछ ।

२.६ पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात् जिम्मेवारी रु.११,४०,३२,८६४.११ रहेकोमा यस वर्ष पालिकाले सुत्रमा जम्मा रु.७,६०,०९,५९९.०९ मौज्दात् जिम्वारी सारेको छ । यसरी कम जिम्मेवारी सारेको रु.३८०२३२६५।०२ का सम्वन्धमा पालिकाले यकिन गरेर जिम्मेवारी हिसावमिलान गर्नुपर्दछ ।

२.७ पालिकाले विनियोजन ऐन २०८० तथा आर्थिक ऐन २०८० अन्तर्गत दहत्तर वहत्तर शुल्क वापत असुली गरेको रु.१२०५२००।०० का सम्वन्धमा जम्मा रु ९०५२०० मात्र विभाज्य कोषमा दाखिला गरी वाँडफाँड गरेको र रु ३००००० पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेकोले सो राजस्व रकम वाँडफाड नगरी पालिकाकै खातामा राखेको पाईयो । विनियोजन ऐन तथा स्थानिय सरकार सञ्चालन ऐन अनुसार वाँडफाँड गर्नुपर्ने देखिएको रु.३००००० ऐनले तोकेअनुसारको अनुपातमा वाँडफाँड गरी सम्वन्धित सञ्चित कोष खातामा पठाउनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

२.८ आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानिमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टि भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । तर पालिकाले आ व २०८०।८१ मा पालिकाले विभिन्न शिर्षकतर्फ कट्टि गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७१६० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेको रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१६० |

२.९ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४ मा श्रेस्ता तथा बैंक अनुसार फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी हिसावमिलान गर्नुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०८१ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८१ असार मसान्त बाँकी |
|---|---|---|
| सञ्चित कोष | ३००५२९७९ | २४१६५२९५ |
| चालु खाता | ६४११०३९ | १३५८६२०५ |
| पूँजीगत खाता | २८९३०५९ | ३९२३१३१ |
| प्रकोप व्यवस्थापन कोष खाता | १७२८०७२ | १७२८०७२ |
| विविध खर्च खाता | २१५४०५१ | २१५४०५१ |
| धरौटी खाता | १३७७७५५८ | १३७७७५५८ |
| जम्मा | ५७०१६७५८ | ५९३३४३१२ |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु. ५७०१६७५८ वाँकि रहेकोमा वैंकमा जम्मा रु. ५९३३४३१२ मौज्दात् देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात् बढी देखिएको रु.२३१७५५४ का सम्वन्धमा पालिकाले यकिन गरी श्रेस्तामा आम्दानी वाध्नुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो निर्देशिका तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल हुन नसकेकोले सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरी वडागत रुपमा बजेटको आधारमा योजना स्विकृत गरी कार्यान्वयन गर्दै आएकाले वजेट तथा कार्यक्रमको प्राथमिकिकरण हुन सकेको छैन ।

•अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

•पालिकाले कार्यक्रमगत तथा योजनागत खर्च खाता राखेको छैन । यसवर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती प्रतिवेदन तयार गरेको पाईएन ।

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र मार्फत् कार्यान्वयन भएको छैन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा मापदण्ड बनाएकोमा सो अनुरुपका आधारमा कन्टिन्जेन्सि खर्च गरेको पाईएन । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको ।

• कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा प्रमुख प्रशासकिय अधिकृतले अधिकार प्रत्यायोजन गरेकोमा सो अधिकारीवाट प्रमाणित नभएको।

• डोर हाजिर फाराम प्रमाणित नगरेको ।

• रसिद नियन्त्रण खाता नराखेको

• वडावाट खरिद भएका जिन्सि सामान पाम्समा दाखिला नगरेको ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी आन्तरिक नियन्त्रण प्रणाली तत्काल कायम हुने गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय आन्तरिक नियन्त्रण कायम गरी सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।

४ **आन्तरीक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण नगरेको**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरीक्षक आन्तरिक लेखापरीक्षक पाँचौं रामचन्द्र गिरी वहाल भएतापनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा सो नगरेकोले आन्तरिक लेखापरीक्षकको खर्च रु ३५५६१० अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,५५,६१० |

५ **पालनाको लेखापरीक्षण**

५.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८०।३।७ मा रु.५७ करोड ८५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना तर्जुमा, अख्तियारी प्रदान लगायतका कार्यको व्यवस्थापन गर्नु पर्दछ ।

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार गठीत समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा

निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.४ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

५.५ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडा र पालिकास्तरका योजनामा वजेट विनियोजन गरेकोमा निम्नानुसार २११ वटा योजनामा खर्च लेखेको पाईयो ।

| | **रु. १लाख सम्म** | **रु. १ लाख देखि२ लाखसम्म** | **रु. २ लाखदेखि ५लाखसम्मका** | **रु. ५ लाखदेखि१० सम्मका** | **रु. १०-५० लाखसम्म** | **रु. ५० लाख भन्दाबढी** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| वडास्तरीय | १८ | २७ | ५७ | १२ | १ | ० | ११५ |
| पालिकास्तरीय | ० | २१ | ३२ | १६ | २० | ७ | ९६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरणका आधारमा छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

५.६ **लक्ष्य प्रगति:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा उल्लेख भएवमोजिम वार्षिक लक्ष्य प्रगती तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकिय अधिकृत, प्राविधिक कर्मचारी समेतलाई जिम्मेवार बनाउनुपर्दछ ।

५.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामाखर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,४२,५४,००० | ३,३७,५२,७५७ | ७ |
| २ | पूर्वाधार विकास | १३,६५,०३,००० | ११,३७,५८,६१५ | २२ |
| ३ | सामाजिक विकास | ३०,८६,७०,००० | २९,०९,०३,८५० | ५७ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,६०,५३,००० | १,१३,०८,५७४ | २ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७,१९,६३,०६१ | ६,२८,३८,६९७ | १२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबै भन्दा बढी ५७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दाघटी अर्थात् २ प्रतिशत रहेको छ। पालिकाले प्राथमिकताका क्षेत्र तोकि तोकेको पूर्वाधारतर्फ २२ प्रतिशतमात्र खर्च गरेकाले पूर्वाधारतर्फ थप वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

## ६ आय अनुमान एवं कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहिमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने केहिमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र जम्मा कर राजस्व अनुमानको तुलनामा ८६ प्रतिशत संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ५,००,०००.०० | २,३८,५५५.७१ | ०.०० |
| ११३१४ भुमिकर/मालपोत | २,००,०००.०० | ३,०६,५७५.२९ | १२,७३,३४६.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ०.०० | ५००.०० | ०.०० |
| ११३१७ वहाल कर | १,००,०००.०० | १,८६,११२.०० | ३२,७१६.०० |
| ११३१८ वहाल विटौरी कर | ५,०००.०० | ०.०० | १२,०१२.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,६१,९८,४००.०० | ५,०१,१७,६९७.९७ | ५,००,५०,२९८.२९ |
| ११४२१ बाँडफाँड भ ्इ प्राप्त हुने अन्त:शुल्क | ०.०० | २,२९,७१,६२९.९० | १,८६,५०,३०१.२१ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ०.०० | ३,०००.०० | ०.०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ०.०० | १,१८७.५० | ०.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,७८,४६,१६१.६६ | १,६१,६४,८१६.५४ | १,५१,७२,५२५.९० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ०.०० | १,१२,०५८.०० | ०.०० |
| ११६२१ व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०.०० | ७,३१२.५० | ०.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | २१,३६०.०० | ०.०० |
| ११६९१ अन्य कर | १०,०००.०० | १९,०००.०० | ०.०० |
| जम्मा कर राजस्व | १०,४८,५९,५६१.६६ | ९,०१,४९,८०५.४१ | ८,५१,९१,१९९.४० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | १,५०,०००.०० | ०.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०.०० | २१,८५८.६६ | ०.०० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ०.०० | २,७९,६४८.७४ | ०.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ०.०० | ४,८०,६३६.०० | २४,३८,२१२.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.०० | ८४५.०० | ०.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ३०,००,०००.०० | ०.०० | ०.०० |
| १४२१८ विद्युत सेवा शुल्क | ०.०० | १००.०० | ०.०० |
| १४२२१ न्यायिक दस्तूर | ०.०० | १००.०० | ०.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ०.०० | १७,७५०.०० | ०.०० |
| १४२२४ परीक्षा शुल्क | ०.०० | ४४,२००.०० | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ४,००,०००.०० | २,४६,८३०.०० | ७,८०,९६६.०० |
| १४२४२ नक्सापास दस्तुर | १,००,०००.०० | २७,०३९.३४ | ०.०० |
| १४२४३ सिफारिश दस्तुर | १५,००,०००.०० | २५,२७,४८४.२२ | १२,६६,६२८.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | ४,७४,९००.०० | ३,२३,८४८.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २,१०,०००.०० | ३,८६,७५०.०० | १,३६,८१०.०० |
| | | | |

| | | | |
|---|---|---|---|
| १४२४९ अन्य दस्तुर | ३,६७,५००.०० | १,८६,७५५.५६ | ३,३५,५३६.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,२०,०००.०० | २,३४,७५५.५० | ०.०० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | १२,०६२.५० | ०.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ०.०० | १००.०० | ०.०० |
| १४५२९ अन्य राजस्व | २५,०००.०० | ४,४१०.०० | ०.०० |
| १४६११ व्यवसाय कर | ७,००,०००.०० | १,०००.०० | ४,९२,८५०.०० |
| जम्मा गैर कर राजस्व | ६७,२२,५००.०० | ५०,९७,२२५.५२ | ५७,७४,८५०.०० |
| जम्मा आन्तरिक राजस्व | ११,१५,८२,०६१.६६ | ९,५२,४७,०३०.९३ | ९,०९,६६,०४९.४० |

पालिकाले व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले अनुमान भन्दा ज्यादै न्युन मात्र आय संकलन भएको छ । जसवाट उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२८७१८४१९ | ५४२२५४६ | १.०३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ५४२२५४६, राजस्व बाँडफाँडवाट रु. ८९५५५६५२ र अनुदान समेत कुल जम्मा रु. ६९६७६६२९१ आम्दानी भएकोमा चालु तर्फ रु. ३१३२५४१५४ र पूँजिगत तर्फ रु. १९८३०८३४१ र वित्तीय ब्यबस्था तर्फ रु. २०१६३४४४६ समेत रु. ७१३१९६९४१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७२१२००० खर्च भएको छ जुन आन्तरिक आयको १३३ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४३ प्रतिशत चालु, २७ प्रतिशतमात्र पूँजिगत निर्माणमा र २८ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **पदाधिकारी सुविधा:–**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको

मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएबमोजिमको सूविधामा १२ महिनाको जम्मा रु.७२ लाख १२ हजार खर्च लेखेको देखिन्छ ।

१० **पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रको पालिकातर्फको त्रैमासिक खर्च विवरणअनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| | | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| शिर्षक | कुल खर्च | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| चालु | ३१३२५४१५४ | ६९७५४१८० | ६६३५६८०४ | ६५४३३५१७ | १११७०९६५३ | ७७५०९८११ |
| पुँजिगत | १९९३०८३४१ | २४१८१६१० | २४४१०२०० | ४२८२२००७ | १०७८९४५२४ | ७१७८३४५८ |
| जम्मा | ५१२५६२४९५ | ९३९३५७९० | ९०७६७००४ | १०८२५५५२४ | २१९६०४१७७ | १४९२९३२६९ |
| चालु खर्चतर्फ प्रतिशत | | २२ | २१ | २१ | ३६ | २५ |
| पूँजिगत खर्चतर्फ प्रतिशत | | १२ | १२ | २१ | ५४ | ३६ |
| जम्मा खर्च प्रतिशत | | १८ | १८ | २१ | ४३ | २९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकातर्फ वार्षिक रु. ५१२५६२४९५ निकासा भएकोमा प्रथम त्रैमासिकमा १८ प्रतिशत, दोस्रो त्रैमासिकमा १८ प्रतिशत, तेस्रो त्रैमासिकमा २१ प्रतिशत र चौथो त्रैमासिकमा ४३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने प्राविधिक जनशक्तिको अभाव हुन जाने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा आएर खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्विकृत कार्यक्रमअनुसार त्रैमासिकरुपमा संन्तुलीत खर्च हुने गरी कार्यक्रम स्विकृत एवं कार्यान्वियन गरीनुपर्दछ ।

११ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले खाना तथा विविध खर्च शिर्षकबाट मात्र यस वर्ष कूल रु.१८३७०००/- खर्च गरेको छ । पालिकाको आन्तरिक आय भने रु.५४२२५४६ मात्र रहेको पाईयो । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **सेवा प्रवाहको अभिलेख**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार पालिका र पालिकामा रहेका ७ वडाहरुवाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखि एकिकृत अभिलेख तयार गर्नुपर्नेमा पालिकाले सो अभिलेख राखेको देखिएन । पञ्जिकरणतर्फ, पूर्वाधार विकास सडक निर्माण, स्विकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको अद्यावधिक आकडाँ सहित पालिकाले सेवा प्रवाहको एकिकृत अभिलेख तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । पालिकाले सेवा प्रवाहको अभिलेख अनिवार्य रुफमा अभिलेखिकरण गर्नुपर्दछ ।

१३ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ऐन, नियमावली, कार्यविधि लगायत २ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको समेत हालसम्म जम्मा ९२ वटा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड कार्यान्वयनमा आएको जानकारी प्राप्त भएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १ गरी कुल ४ विवाद दर्ता भएकोमा कुनै पनी फस्यौट् नभएकोले ४ वटा नै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१५ **समपुरक अनुदान**

बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा(४) अनुसार समपुरक अनुदानमा संचालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तिमा ५०% रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख छ । त्यस्तै संघिय समपुरक अनुदान कार्यविधि समेतमा समान अनुपातमा लागत सहभागिता रहनुपर्ने उल्लेख छ । पालिकाले तपशिल बमोजिमका समपुरक योजनाहरुको भुक्तानी गर्दा स्थानीय समपुरक कोषबाट ५०% भन्दा कम भुक्तानी गरेकोले ५०% लागत सहभागिता नपुगेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु.

| योजनाको नाम | प्रदेशवाट खर्च लेखिएको रकम | पालिकावाट खर्च लेखिएको रकम | आनुपातिक रुपमा कम खर्च लेखिएको रकम |
|---|---|---|---|
| सुकभञ्ज्याङ्ग वाँसखर्क झाप्रेडाडा सडक स्तरोन्नती | ४८८२३६९ | २५४२८१७ | २३३९५५२ |
| नयाँचौतारा शितला लुम्रि सडक स्तरोन्नती | ४६३८२८२ | ४३८२७१९ | २५५५६३ |
| बर्दन स्वास्थ्य चौकि निर्माण | ४५७५४६२ | ४४१०००० | १६५४६२ |
| | | जम्मा | २७६०५७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,६०,५७७ |

१६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी 4 प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । यस पालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च गरेको छ । यस वर्षको हालसम्मको कन्टिन्जेन्सि खर्चको योजनागत अभिलेख अद्यावधिक नगरेको कारण योजनागत रुपमा कन्टिन्जेन्सिको हिसाव पेश नहुँदा यस वर्षको कन्टिन्जेन्सि खर्च यथार्थपरक भए नभएको यकिन गर्न सकिएन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनुपर्ने उल्लेख भएकोमा सोको समेत पालना भएको छैन । निर्देशिकाको व्यवस्था

पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भएको यकिन गर्न सकिने अवस्था देखिएन। कार्यक्रम, योजनागत प्रगतीका आधारमा एकिन हुने कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी यस्ता खर्च तोकिएको सीमाभित्र रहि खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ।

१७ **ठेक्का व्यवस्था र अभिलेख**

ठेक्का व्यवस्था : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा १० देखी ४० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा एकिन गर्नसक्ने अवस्था, आधार, कारण उपलव्ध भएन। यस सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा ठेक्का कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| योजना | ठेकेदार | ल.ई | सम्झौतारकम | घटीप्रतिशत |
|---|---|---|---|---|
| Gangajamuna gaupalika bhari adhunik aaran bebasthapan | Ba.Su. Construction | ९९८०००० | ८७५४१६८ | १२ |
| Green Teking trell(palika Gauravako ahayojana | Ambu nirman sewa | ३१००००० | २५६०२३१ | १७ |
| Manpangbesi Budathum Ahaldanda Ahdherihola Vaise Dandagaun,wadano 7,6 | Bhumika Construction | १६०००००० | ११३८३९४७ | २९ |
| Naya Chutaro Shetala Lumri Sadak Estarunnati | Krishu Nirman Sewa | १८०००००० | १०७८८०७१ | ४० |
| Sukbhanjeng Banskharka Jhapredanda Sadak Esterunnati,Wada no 5.7 | Krishu Nirman Sewa | ९९८२७९२ | ७९९४४८१ | २० |
| Bardan Swasthya Chauki Bhawan Nirman,Wada no:3 | Om Kundeleshower nirman sewa | १०००००००० | ७७०१४०० | २३ |
| Dhadkharka Sadan ra Lapsibot Kha.Pa. Eak Ghgr Eak Dhara Yojana | RDS Nirman Sewa | १०००००००० | ८८४६६७२ | १२ |
| Baseri Kattike Kalsing, Khanepani nirman, Gangajamuna 6 Dhading | Pasangchowk Construction and Suppliers | २५००००० | २२५८१०५ | १० |
| Patlekhrka Chisapani Khapani Ayojana, Gangajamuna 6 Dhading | Pasangchowk Construction and Suppliers | २०००००० | १७८५५९४ | ११ |
| Construction of five bed hospital ward 5 | Sunkoshi/Prajul construction KTM JV | ६७४०५४१४ | ४६२३१६८९ | ३१ |
| Construction Gangajamuna Tourism Infrastructure Development Project | Kabindra/Jwalamukhi/Venus JV | ६०६२३१५१ | ४७५०१३१४ | २२ |
| Construction work of Rural Municipal Executive Office | Kabindra/Jwalamukhi/Venus JV | ६३५८०६९३ | ३९१६२७६७ | ३८ |

**ठेक्का अभिलेखः**-सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८ **प्रोग्राम अपडेट :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 समेतमा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम रोक्का गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस वर्षका पालिकाले म्याद थप भएका समेत देहायका ठेक्कामा निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नगरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| योजना | ठेक्कानं. | ठेकेदार | सम्झौतारकम | प्रोग्रामअपडेट दिन | प्रोग्रामअपडेट रकम |
|---|---|---|---|---|---|
| Gangajamuna gaupalika bhari adhunik aaran bebasthapan | GRM/DHADING/13/080-081 | Ba.Su. Construction | ८७५४१६८ | ६० | १०००० |
| Green Teking trell(palika Gauravako ahayojana | GRM/DHADING/10/080-081 | Ambu nirman sewa | २५६०२३१ | ६० | १०००० |
| Manpangbesi Budathum Ahaldanda Ahdherihola Vaise Dandagaun,wada 7,6 | GRM/DHADING/02/080-081 | Bhumika Construction | ११३८३९४७ | ६० | १०००० |
| Naya Chutaro Shetala Lumri Sadak Estarunnati | GRM/DHADING/03/080-081 | Krishu Nirman Sewa | १०७८८०७१ | ६० | १०००० |
| Sukbhanjeng Banskharka Jhapredanda Sadak Esterunnati,Wada no 5.7 | GRM/DHADING/04/080-081 | Krishu Nirman Sewa | ७९९४४८१ | ६० | १०००० |
| Bardan Swasthya Chauki Bhawan Nirman,Wada no:3 | GRM/DHADING/06/080-081 | Om Kundeleshower nirman sewa | ७७०१४०० | ६० | १०००० |
| Dhadkharka Sadan ra Lapsibot Kha.Pa. Eak Ghgr Eak Dhara Yojana | GRM/DHADING/07/080-081 | RDS Nirman Sewa | ८८४६६७२ | ६० | १०००० |
| Baseri Kattike Kalsing, Khanepani nirman, Gangajamuna 6 Dhading | GRM/DHADING/09/080-081 | Pasangchowk Construction | २२५८१०५ | ६० | १०००० |
| Patlekhrka Chisapani Khapani Ayojana, Gangajamuna 6 Dhading | GRM/DHADING/08/080-081 | Pasangchowk Construction | १७८५५९४ | ६० | १०००० |

| | |
|---|---|
| अनियमित भएको | ९०,००० |

१९ **धरौटी फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले सम्वन्धित आर्थिक वर्षको आय विवरण वुझाएको प्रमाणका आधारमा फिर्ता पाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका फर्महरुको धरौटी फिर्ता दिँदा मु अ कर समायोजन पत्र र कर चुक्ता प्रमाण वेगर भुक्तानी दिएकोमा कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| गो भौ नं | फर्मको नाम | रकम |
|---|---|---|
| १७।११।१७ | वाईज मल्टिपर्पोज प्रा लि | १०७००० |
| २०।१२।२९ | भाञ्जा कन्स्ट्रक्सन | ६४१७७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४८,७७० |

२० **उपभोक्ता समिति परिचालन सम्बन्धमा**

एक करोड रुपैयासम्मको लागत अनुमान भएको सोहि आर्थिक वर्षमा सम्पन्न हुन सक्ने निर्माण लगायतका जनचेतनामुलक कार्य उपभोक्ता समितिवाट गर्न सकिने व्यवस्था सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१) ले तोकेको छ । पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

**क) उपभोक्ता समिति दर्ता** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अुनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

**(ख) योजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

**(ग) हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको मेशिन प्रयोग गर्नु अगाडी प्राविधिकवाट स्विकृति लिनुपर्नेमा नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

**(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । उपभोक्तासँग पूँजिको अभाव हुने, जोखिम वहन गर्ने प्रत्याभुति नहुने, दक्ष प्राविधिक नहुने, संरचना निर्माणमा प्रयोग हुने हेभि इक्विपमेन्ट, मेशिन नहुने यथार्थलाई ध्यानमा राख्दा संझौतामा समावेश हुँदैमा योजना कार्यान्वियन गर्न सक्ने क्षमता समितिसँग देखिँदैन । तसर्थ यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

**(ङ) मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न योजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न योजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित योजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

**(च) धरौटीको व्यवस्था** - उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राख्ने गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

**(छ) खर्चको अनुमोदन** - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । सार्वजनिक सुनुवाई लगायत सामाजिक लेखापरीक्षण गरी भुक्तानीको लागी पालिकामा पेश गर्नुपर्नेमा सो वेगर भुक्तानी सिफारिस हुने देखिएकोले नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गरेपश्चात् भुक्तानी हुने व्यवस्था हुनुपर्दछ ।

**ज) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितताका आधारमा प्राविधिक विलको भुक्तानी हुनुपर्दछ ।

**झ) प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वर्षान्तमा संम्झौता अनुसार निर्माण भएका यस्ता निर्माणाधिन संरचनाको स्थलगत मापन मुल्यांकन नगरी भुक्तानीका लागी लागत अनुमानकै copy paste गरी परीमाण मापन मुल्यांकन गरेर विल प्रमाणित गरी खर्च लेख्नु उपयुक्त देखिएन । यस्तै प्रकृतिका अधिल्ला महिनामा भुक्तानीका लागी पेश भएका समान खाले निर्माणाधिन संरचना ६० प्रतिशतको हाराहारीमा मुस्किलले कार्यान्वयन भई भुक्तानी भएको अवस्थामा वर्षान्तमा सम्झौता भएका निर्माण संरचनामा वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२१ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२६२३४०६० पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **पालिका कार्यालय अन्तर्गतका संरचना उपभोक्ता समितिवाट गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद

विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै वडा कार्यालयका भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी कार्यान्वियन गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

| गो भौ नं | वडा भवन | भुक्तानी रकम |
|---|---|---|
| ८।४।१९ गापा | ७ नं वडा कार्यालय मर्मत तथा कम्पाउण्ड | ५९३५०० |
| २२।३।२१ प्रदेश | १ नं वडा कराङग सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण उ.स. | १८६७००० |
| ७०, २११।२।२ गा पा | वडा न ७ खोप केन्द्र भवन निर्माण, वडा न ६ खोप केन्द्र भवन निर्माण तथा सुकभन्ज्याङ र ढाढखर्क खोप केन्द्र भवन मर्मत उपभोक्ता समिति | ३९१००० |
| १५१।१।१० | २ नं वडा रि स्वास्थ्य चौकी मर्मत तथा व्यवस्थापन उ.स. | १४७००० |
| ९१।११।१६ | वडा नं ७ बुढाथुम स्वास्थ्य चौकी कम्पाउण्ड उ.स. | ४९०००० |
| २२४।३।२१ | वडा नं ६ बसेरी स्वास्थ्य चौकी कम्पाउण्ड उ स | ४७८१०० |
| १५२।१।१० लगायत | री स्वास्थ्य चौकी प्रसुती कोठा निर्माण | ७८४००० |
| | जम्मा | ४७५०६०० |

| अनियमित भएको | ४७,५०,६०० |
|---|---|

## २३ विमा नगराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | लागत अनुमान | मुल्यांकन | भुक्तानी |
|---|---|---|---|---|
| १ | १ नं वडा कराङग सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण उ.स. | २२०० २७०।९९ | २१३९ ५४७।२३ | १८६७००० |
| २ | गरगरे सुकुभञ्ज्याङ्ग फुलखर्क सडक स्तरोन्नती वडा नं ५ | २१२८३६५।४७ | २१२३२१५।६५ | १९९५५०० |

## २४ पेश्की

आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. ३७,९६,८००.०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले म्याद नाघेको रु२३,००,००० समेत नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| निर्मित भवनको संरचनात्मक सुधार खर्च | कविन्द्र।ज्वालामुखी।भेनस जे.भी. | ०.०० | २३,००,०००.०० | २३,००,०००.०० |
| गैर आवासीय भवन निर्माण/खरिद | कविन्द्र।ज्वालामुखी।भेनस जे.भी. | १४,९६,८००.०० | ०.०० | १४,९६,८००.०० |
| | | १४,९६,८००.०० | २३,००,०००.०० | ३७,९६,८००.०० |

| | |
|---|---|
| पेश्की | २३,००,००० |

२५ **नम्स भन्दा बढी भुक्तानी**

गङ्गाजमुना गाँउपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८० परिच्छेद – ७ को १४ (२)(क) मा प्रशिक्षक तथा कार्यपत्र प्रस्तुतकर्ताले दैनिक दुई सेसनको भुक्तानी लिन सक्ने तथा प्रति सेसन रु. दुई हजार रुपैयाँ र कार्यपत्र तयारी बापत रु. एक हजार सम्म भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । कार्यक्रममा सहजिकरण गरेबापत सहजकर्ताले सो भन्दा बढि सेसनको भुक्तानी लिएको देखिएकोले निर्देशिकाले तोकेभन्दा बढी सेसनको भुक्तानी असुल हुनु पर्ने रु. २३८००

| **गो.भौ.नं मिति र कार्यक्रमको नाम** | **सहजकर्ता** | **लिएको दिन** | **लिएको दर (सेसन)** | **जम्मा भुक्तानी** | **हुनुपर्ने दर (सेसन र कार्यपत्र) (२×२०००) +(२×१०००)** | **हुनु पर्ने भुक्तानी** | **बढी भुक्तानी (कर कट्टी १५पश्चात)** |
|---|---|---|---|---|---|---|---|
| २७।२०८१।०३।०९, बालबालिका सम्बन्धी तालिम | दामोदर अर्याल | ११ | ८००० (४×२०००) | ८८००० | ६००० | ६६००० | १८७०० |
| ३४९। २०८१।०३।२१ महिला उद्धमशिल तालिम | शारदा के.सी. | ५ | ३८००० (१८×२०००) +२००० | ३८००० | ६००० | ३२००० | ५१०० |
| जम्मा | | | | | | | २३८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८०० |

२६ **विल भरपाई**

२१६।२०८१।०१।१२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) अनुसार कुनै पनि कार्यको भुक्तानी गर्दा बजेटको सिमाभित्र रही रितपूर्वक कागज प्राप्त भएपछि गर्नुपर्ने उल्लेख छ । पालिकाद्धारा जेष्ठ नागरिक सम्मान कार्यक्रममा हर्लिक्स लगायत रु.५,८८,७२५ मुल्यका हर्लिक्स, दोसल्ला, टेक्कने लठ्ठी लगायत विभिन्न सामानहरुको वितरण गरेको जनाएकोमा सम्बन्धित जेष्ठ नागरीकहरुले बुझेको भरपाई पेश हुन सकेन । जेष्ठ नागरिकहरुले उक्त सामान वुझेको सम्वन्धमा पालिकाले यकिन हुन भरपाई संलग्न गर्नुपर्दछ ।

२७ **बढी भुक्तानी**

गो.भौ.नं. २२।२०८०।०६।२४ – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा भुक्तानी गर्दा विल भरपाई पेश गर्नुपर्ने र रीत पुगे नपुगेको यकिन गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । मिति २०८०।२।२२ मा भएको सवारी साधन भाडामा लिने सम्बन्धी सम्झौता गर्दा जिल्ला दररेट समेतलाई आधार लाई भाडा दर कायम गर्नुपर्नेमा विना आधार गाउँपालिका (पहिलो पक्ष) र सवारी धनी रामशरण अधिकारी (दोस्रो पक्ष बीच) सवारी साधन धादिङ जिल्ला भित्र प्रयोग गरे बापत प्रति दिन रु.८०००।¬

सम्म भुक्तानी गर्ने सम्झौता भएको छ । पालिकाले प्रयोग गरेको सवारी साधनको भाडा भुक्तानी गर्दा तोकेको दर भन्दा बढी दरमा भुक्तानी गरी रु. ५४,०००।– सम्म खर्च लेखेको छ । सम्झौतामा उल्लेख भएभन्दा बढी दरमा भुक्तानी भएकोले कर वाहेकको बढि भुक्तानी असुल उपर हुनु पर्ने रु.

| **भ्रमण मिति** | **भ्रमण स्थान** | **भुक्तानी रकम** | **भुक्तानी हुनु पर्ने रकम** | **बढि भुक्तानी** |
|---|---|---|---|---|
| २०८०।०१।०२ | फुलखर्क देखि वसेरी | ११००० | ८००० | ३००० |
| २०८०।०१।०९ | फुलखर्क देखि वसेरी | ११००० | ८००० | ३००० |
| २०८०।०१।२२ | फुलखर्क देखि धादिङ्ग | ११००० | ८००० | ३००० |
| २०८०।०१।१४ | फुलखर्क देखि वसेरी | ११००० | ८००० | ३००० |
| २०८०।०१।२० | धादिङ्ग देखि फुलखर्क | ११००० | ८००० | ३००० |
| २०८०।०१।२१ | फुलखर्क - सल्यानकोट | ११००० | ८००० | ३००० |
| २०८०।०१।२७ | फुलखर्क देखि धादिङ्ग | ११००० | ८००० | ३००० |
| २०८०।०२।०३ | हाइड्रो देखि डाडा गाँउ | ११००० | ८००० | ३००० |
| २०८०।०२।१० | वडा नं. ६ र ७ | ११००० | ८००० | ३००० |
| २०८०।०२।१७ | बसेरी, गुम्दी,हाइड्रो | ११००० | ८००० | ३००० |
| २०८०।०१।२६ | धादिङ्ग बाट री | ११००० | ८००० | ३००० |
| २०८०।०१।२७ | रि बाट धादिङ्गष | ११००० | ८००० | ३००० |
| २०८०।०१।२८ | धादिङ्ग बाट बुढाथुम | ११००० | ८००० | ३००० |
| २०८०।०२।२९ | धादिङ्ग देखि फुलखर्क | ११००० | ८००० | ३००० |
| २०८०।०२।३० | फुलखर्क देखि धादिङ्ग | ११००० | ८००० | ३००० |
| २०८०।०२।१५ | धादिङ्ग बाट री | ११००० | ८००० | ३००० |
| २०८०।०१।१६ | रि बाट धादिङ्ग | ११००० | ८००० | ३००० |
| २०८०।०१।२३ | धादिङ्ग बाट ताबल | ११००० | ८००० | ३००० |
| जम्मा | | १९८००० | १४४००० | ५४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,६०० |

२८ **विद्यालय निकासा रजिष्टर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

२९ **प्रति विद्यार्थी लागत**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप कार्यान्वियनमा प्रति विद्यार्थि लागत प्रभावी हुने गरी अनुदान निकासालाई आवद्ध गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | १९६००४००० | १८८७१७००० | ४०३३ | ४६७९३ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. ४६७९३ रहेको देखिन्छ ।विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

३० **ओ.जे.टि. अनुदान** (६८-२०८१-२-२):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० मा शिक्षण सिकाइ सामाग्री तथा ओ.जे.टि. व्यवस्थापनका लागि प्राविधिक धारका विद्यालयलाई अनुदान अन्तर्गत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु. १५००० का दरले हुन आउने रकम एकमूष्ट अनुदान दिने र सो रकमबाट व्यवहारिक अभ्यासमा सहभागी विद्यार्थीलाई प्रति महिना रु. १००० का दरले विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने, बाँकी रकमबाट प्रशिक्षक भत्ता एवम् ल्याव उपकरण खरिदका लागि उपयोग गर्न सकिने र कार्यक्रमसँग सम्बन्धित प्रगति प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले श्री मण्डली मा. वि. लाई ११० जना विद्यार्थीका लागि रु. १६५०००० एकमूष्ट निकासा गरेकोमा सम्बन्धित विद्यालयले खर्च सम्बन्धि प्रगति प्रतिवेदन पेश गरेको छैन । अतः उद्देश्य अनुरुप निकासा अनुदान खर्च गरी सोको प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,५०,००० |

३१ **सेनेटरी प्याड व्यवस्थापन** (१०८-२०८१-३-२२):

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ.व. मा विभिन्न १४ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका १०१६ जना छात्राका लागि २०३२० थान कूल रु. ९१३८७१ (मु.अ.कर सहित) को स्यानिटरी प्याड खरिद गरेको देखिन्छ ।वार्षिक रुपमा छात्राले प्रयोगमा ल्याउन सक्ने गरी खरीद एंवम वितरण गर्नु पर्ने उक्त स्वास्थ्य सामाग्रि वर्षान्तको अन्तिममा खरिद गरिएकोले उक्त सामाग्रि सम्बन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा स्यानिटरी प्याड खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको उचित देखिएन।साथै खरिद गरिएका प्याडहरुको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न छैन । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी आउने, भण्डारको अभाव हुने, ओस, मुसा लगायतका कारण नोक्सान हुने भएकाले कार्यक्रमको उद्देश्य अनूरुप उपयूक्त समयमै स्यानिटरी प्याड खरिद गरी सम्बन्धित विद्यालयमा तत्काल वितरण हुनुपर्दछ ।

३२ **शिक्षक दरबन्दी र पदपूर्ति**

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामूदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दिको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने तथा शिक्षा ऐन २०२८ को दफा १६ (च) १ मा जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात गर्नुपर्ने उल्लेख छ । यस आ.व.मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको

व्यहोरा देहाय बमोजिम रहेको छ ।

| विद्यालयको संख्या | दरबन्दी | पदपूर्ति संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| ४३ | २०८ | २०८ | १३३ | ७७ | ० | ४०३३ | १९.३९ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:१९ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका ७७ पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

३३ **शिक्षक अभिलेख**

पालिकाले पालिका भित्र रहेका विद्यालयहरुको स्विकृत दरवन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तिको अवस्था, सरुवाको विवरण, अवकास विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए नभएको भिडान गर्न सकिएन । पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिई तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात सम्बन्धित शिक्षकको तलब सुविधा रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ ।

३४ **निजी स्रोत शिक्षक**

पालिकाले आफ्नो क्षेत्र भित्रका स्विकृत दरवन्दि अनुसार नियमानुसारको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ.व. २०८०।८१ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका १८ वटा सामुदायिक विद्यालयहरुमा जम्मा २० जना शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेको छ । यस आ.व. मा २० जना स्वयंसेवक शिक्षकको तलवमा कुल रु. १२९१५००० खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था यकिन गरी आवश्यकताको आधारमा मात्रै योग्य करार शिक्षकलाई नियुक्ति गर्नुपर्दछ ।

३५ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | यस आ.व.मा पालिकाले देहायका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ३९४०१५५३ खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाई भुक्तानी गरेको ग्रेड रकम यकिन गर्न सकिएन । स्विकृत तलवि प्रतिवेदनका आधारमा मात्र कर्मचारीको तलब खर्च लेख्नुपर्दछ ।

| विवरण | कर्मचारी संख्या | कूल तलब भत्ता रकम |
|---|---|---|
| स्वास्थ्य कर्मचारी | ६२ | २१२०२४२४ |
| पालिका चालु तर्फ विभिन्न कर्मचारी | ३९ | १८१९९१२९ |
| जम्मा | १०१ | ३९४०१५५३ |

३६ **जिन्सि दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सि मालसमान ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने र जिन्सि बुझाउदा बुझेको व्यक्तिको रीत पूर्वकको भर्पाई राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमको सामान खरीद गरेकोमा सम्बन्धित जिन्सि खातामा दाखिला गरेको देखिएन । सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ. नं . र मिति | बजेट खर्च शिर्षक | बजेट खर्च रकम रु. | जिन्सि दाखिला छुट रकम | समानको नाम | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १२१। ०८१।३। २४ | सामूदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २५५९९४ | २५५९९४ | ८ थान भेन्डिङ्ग मेशिन | पालिका एडभर्टाईजिङ्ग एण्ड सप्लायर्स प्रा. लि . | जिन्सि दाखिला नभएको |
| १२०। ०८१।३। २४ | मसलन्द सामाग्रि खरिद | ७५८४५ | ७५८४५ | पञ्चिङ्ग मेशिन लगायत अन्य स्टशनरी सामान | निलकण्ठ प्रेश एण्ड स्टेशनरी | जिन्सि दाखिला नभएको |
| | | जम्मा | ३३१८३९ | | | |

| प्रमाण पेश नगरेको | ३,३१,८३९ |
|---|---|

३७ **सक्कल विल पेश हुनुपर्ने** (१२१-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।साथै मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको सक्कल कर विजक वेगर पालिकाले सामूदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन खर्च शिर्षकबाट ८ थान भेन्डिङ्ग मेशिन खरिद गरी पालिका एडभर्टाईजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. लाई कूल रु. २५५९७४ (भ्याट रकम रु.२९४५०) भुक्तानि गरेकोमा पालिका एडभर्टाईजिङ्ग एण्ड सप्लायर्स प्रा. लि. को रु. २५५९७४ (भ्याट नं. ६०९८५३१४८, विजक नं. ०३३) को मु.अ. कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,५५,९७४ |
|---|---|

३८ **एमआईएस अपरेटर र फिल्डसहायकको तलब**

गृह मन्त्रालयको मिति २०७९।०४।१९ को च नं १४८ र पञ्जीकरण विभागको मिति २०७९।४।१३ को परिपत्र बमोजिम एम आइ एस अपरेटर र फिल्ड सहायकको तलब भुक्तानी गर्दा सम्बन्धित स्थानीय तहले ५० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख रहेको छ । तर, पालिकाले यस आर्थिक वर्षमा तोकिएका २ कर्मचारीहरुको कूल तलब भत्ता रु. ८७५४५२ मध्ये पालिकाले ५० प्रतिशत रकम रु. ४३७७२६ व्यवहोर्नु पर्नेमा पालिकाबाट ९ महिनाको तलब र दशै खर्च संघीय सञ्चित कोषबाट रु. ६७८०४० भुक्तानी दिएको छ । अनुपातिक रुपमा भुक्तानि हुनुपर्ने तलब भन्दा बढि रकम संघीय बजेटबाट खर्च लेखेको देखिएकोले संघीय सञ्चित कोषबाट बढि व्ययभार भएको रकम रु. २४०३१४ संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,४०,३१४ |
|---|---|

३९ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था भएता पनि पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको नदेखिदा अनिवार्य रुपमा लाभग्राहीको फोटो सहितको अभिलेख राख्नु पर्ने देखिन्छ। सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएता पनि प्रभावकारी रुपमा समयमै लगत कट्टा भएको नदेखिदा समयमै लगत कट्टा हुन नसक्ने अवस्था छ । दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र महिना भित्र स्थानिय तहलाइ दिनुपर्ने साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११

बमोजिम ढाँचामा प्राप्त गरी स्थानिय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको मा सो वमोजिम बैंकले जानकारी दिएको देखिएन साथै अनुसुची ११ बमोजिमको विवरण प्राप्त नहुँदा निश्क्रिय खाताको रकम एकिन गर्न तथा वढी भुक्तानीको गणना गर्न सकिएन ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ ।यस पालिकालाइ सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु१४७२४९८०० बजेट विनियोजन भएकोमा रु.१४७०७७५४२ निकासा भई बैंकले लाभग्राही खातामा जम्मा गरेको मध्ये वर्षान्तमा रु.४२३८८७ फिर्ता गरेको पाईयो । पालिकाले वर्षान्तमा वैंकमार्फत् निकासा गएको र वैंकले संम्वन्धित लाभग्राहिको खातामा रकम जम्मा गरी फिर्ता वाँकिको हिसाव एकिन गरेर वितरण नभई वाँकि रहेको रकम एकिन गरेर सञ्चित कोष फिर्ता गर्नुपर्दछ ।

४० **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने तथा (१२) मा वजेट अपर्याप्त रहेको तर खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा काममा वाधा पर्ने अवस्था भएमा खर्च गरी लेखा उत्तरदायी अधिकृत वाट नियम ४३ वमोजिम नियमित गर्न सक्ने उल्लेख छ । तर पालिकाले खर्च शिर्षक तथा संकेत फरक पारेकोमा उक्त खर्च पालिकावाट हालसम्म अनुमोदन समेत गरेको नपाईएकोले शिर्षक फरक पारी खर्च लेखेको रु.२६२९४७१ अनियमित देखिएको रु.

| **भौनंमिति** | **भएको शिर्षक** | **हुनु पर्ने शिर्षक** | **रकम** |
|---|---|---|---|
| २८४।२०८१।०२।२७ | पारिश्रमिक कर्मचारी | सेवा करार | १४३२२५४ |
| २७२।२०८१।०२।२६ | पारिश्रमिक कर्मचारी | स्वास्थ्य सेवा करार कर्मचारी | ११९७२१७ |

| | |
|---|---|
| अनियमित भएको | २६,२९,४७१ |

४१ **सूचना प्रकाशन तर्फ**

विज्ञापन नियमन गर्ने ऐन २०७६को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष सुचना प्रकाशन तथा पत्रपत्रिकामा कुल जम्मा रु. १४९४२८५ खर्च लेखेकोमा यस्तो रकमको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको देखिएन जसका केही नमुना देहाय बमोजिम उल्लेख गरिएको छ । नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

| गौ.भौ.मिति | भुक्तानी पाउने फर्म | भुक्तानी रकम | ३ प्रतिशत रकम |
|---|---|---|---|
| २८।२०८०।०६।२४ | हिमालयन एडभटाईजिङ्ग मिडिया प्रा.ली. (६०६७९३८३६) | ११८६५० | ३५६० |
| २१।२०८०।०६।२४ | दृश्य नेपाल मेडिया एण्ड मल्टिपल ट्रेड इन्टरनेशनल प्रा.ली. (६१०४४२४२९) | ६०७७३ | १८२३ |
| | भलाई स्पलायर्स एण्ड एडभटाईजिङ्गमिडिया प्रा.ली(६०९७२४६७३) | १२८५६० | ३८५७ |
| ३३।२०८०।०६।२५ | धादिङ्ग संचार प्रा.ली. (६०२४९४६२९) | ९३६६० | २८१० |
| | प्रत्युष नेटवर्क प्रा.ली. (६१०१६१२८५) | १००३५० | ३०११ |
| ६०।२०८०।०८।०५ | दृश्य नेपाल मेडिया एण्ड मल्टिपल ट्रेड इन्टरनेशनल प्रा.ली. (६१०४४२४२९) | १२८५५५ | ३८५७ |
| ८४।२०८०।०९।०४ | कैलाश मल्टिप्रपोज मिडिया एण्ड सप्लायर्स प्रा.ली. (६०६६५५५३) | ९८५६० | २९५७ |
| | प्रत्युष नेटवर्क प्रा.ली. (६१०१६१२८५) | ८१९५० | २४५९ |
| | भलाई स्पलायर्स एण्ड एडभटाईजिङ्गमिडिया प्रा.ली(६०९७२४६७३) | ९९५१२ | २९८५ |
| | हिमालयन एडभटाईजिङ्ग मिडिया प्रा.ली. (६०६७९३८३६) | १३४६३३ | ४०३९ |
| १४७।२०८०।११।०२ | क्रियटिभ मिडिया र प्रिन्ट प्रा.ली. (६०२४३८१०२) | ४६८३० | १४०५ |
| | पालिका इन्टरप्राईजेज एण्ड मिडिया प्रा.ली(६०९८५३१४८) | १९३१७४ | ५७९५ |
| | कैलाश मल्टिप्रपोज मिडिया एण्ड सप्लायर्स प्रा.ली. (६०६६५५५३) | ४६८३० | १४०५ |
| | दृश्य नेपाल मेडिया एण्ड मल्टिपल ट्रेड इन्टरनेशनल प्रा.ली. (६१०४४२४२९) | ३७४८२ | ११२४ |
| २८८।२०८१।०२।२३ | प्रत्युष नेटवर्क प्रा.ली. (६१०१६१२८५) | ५६८६५ | १७०६ |
| | भलाई स्पलायर्स एण्ड एडभटाईजिङ्गमिडिया प्रा.ली(६०९७२४६७३) | ९३६६० | २८१० |
| | हिमालयन एडभटाईजिङ्ग मिडिया प्रा.ली. (६०६७९३८३६) | १४६८४७ | ४४०५ |
| ११९।२०८०।०९।२५ | प्रत्युष नेटवर्क प्रा.ली. (६१०१६१२८५) | ११९६६५ | ३५९० |
| ३८९।२०८१।०३।२२ | क्रियटिभ मिडिया र प्रिन्ट प्रा.ली. (६०२४३८१०२) | ४६८३० | १४०५ |
| | सिरुपाते इन्टरनेशनल प्रा.ली. (६१९८२०२८८) | ३७४६४ | ११२४ |

४२ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष ०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेको ७ बर्थिङ सेन्टरमा गत वर्ष १५० थानको रु. १४९४९९ र यस वर्ष २०० थान को रु. १९९१०६ खरिद गरेकोमा गतवर्ष १३४ जना र यस वर्ष ८० जना गरी २१४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १३६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । पालिकाले गर्भवती महिलाको तथ्यांकको आधारमा माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी न्यानो झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४३ **गाउँपालिका अध्यक्षवाट खर्च स्विकृती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाको वार्षिक कार्यक्रम नीति नगर सभावाट स्विकृत भएबमोजिम प्रमुख प्रशासकिय अधिकृतवाट स्विकृत गर्नुपर्ने खर्च तथा भुक्तानी व्यवस्था रहेकोमा देहायका कार्यक्रमहरुमा नगर प्रमुखवाट टिप्पणी तथा भुक्तानी निर्णयार्थ स्विकृत गराई खर्च लेखेकोमा नगरसभावाट अनुमोदन भएको पाईएन । नगरसभावाट बजेट पारीत भई खर्चको लागी प्रमुख प्रशासकिय अधिकृतलाई खर्चको अख्तियारी प्रदान गरेकोमा २५ लाख वढीका सवै भुक्तानीको लागी अध्यक्षवाट स्विकृत गर्ने गरेको पाईयो । मौजुदा कानुनले तोके विपरित खर्च स्विकृत दिने कार्य तत्काल नियन्त्रण हुनुपर्दछ ।

| गो भौ नं | कार्यक्रम तथा भुक्तानी योजना | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३२ | नमुना विद्यालय भौतिक निर्माण मण्डलि मा वि | ६७०००० |  |
| १९५।२।२५ | चौतारो शितला सडक निर्माणको रनिङ बिल क्रिशु निर्माण सेवा प्रा.लि | २८०२७१९ |  |
| ४७।३।२३ | आरन व्यवस्थापन वासु कन्स्ट्रक्सन | ६८१६३५३ |  |
| २३९।३।२३ | सकुभञ्जाङ सडक योजना क्रिशु निर्माण सेवा प्रा.लि | २५४२८१७ |  |
| १८।३।८ | ढाडखर्क सादन र लप्सीवोट खानेपानी योजना आर.डि.एस निर्माण सेवा | ४२९५१५३ |  |

## ४४ सवारी साधन मर्मत

गंगाजमुना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०८०, परिच्छेद ५ पारवहन तथा ईन्धन सुविधा सम्वन्धी व्यवस्था अन्तर्गत वुँदा नं ८.८ मा सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागी मर्मत विलबमोजिम मोटरसाईकलको लागी बढीमा ४००० रुपैयासम्म नवढ्ने गरी वार्षिक मर्मत खर्च उपलव्ध गराउने उल्लेख छ । तर पालिकाले विभिन्न २१ जनप्रतिनिधि तथा कर्मचारीलाई मासिक ४००० का दरमा मर्मत खर्च भुक्तानी गरेकोमा सोको विल भरपाई पेश भएको छैन । नियममा भएको व्यवस्थाबमोजिम विल भरपाई पेश हुनुपर्दछ ।

| विभिन्न २१ जना जनप्रतिनिधि र कर्मचारी | |
|---|---|
| १६ पुरानो मोटरसाईकल १२ महिना | ५ नयाँ मोटरसाईकल ६ महिना |
| ६०८००० | ६०००० |
| जम्मा ६६८००० | |

## ४५ मसलन्द तथा कार्यालय सामाग्रि

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंवम एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस आ.व. मा मसलन्द तथा कार्यालय सामाग्रि

शिर्षकमा २५ लाख विनियोजन गरेकोमा कूल रु.२४,७०,००० को खरिद कार्य प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको पाईयो । अतः प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको नियमसम्मत देखिएन । यसमा सुधार हुनुपर्दछ ।

४६ **सिमा भन्दा बढीको खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु १० लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ । तर पालिकाले नियमावलीमा भएको व्यवस्था विपरित निम्नानुसारमा १० लाख भन्दा बढीको खरिद एउटै पार्टि (मेरिडियन आइ.टी. प्रा.लि. ६०२४७७८७३) वाट गरे गराएको नियमसम्मत देखिएन । नियमको पालना हुनुपर्दछ ।

| क्र.सं. | गो. भौ. न. | मिति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ३२१ | ०३/१०/२०८१ | ८९,०३२.०० |
| २ | ३७ | ०३/२१/२०८१ | २,००,०००.०० |
| ३ | २२१ | ०३/२१/२०८१ | ५,८७,८८७.०० |
| ४ | ३५७ | ०३/२१/२०८१ | ७,५४,९९८.०० |
| | | जम्मा | १६,३१,९१७.०० |

४७ **नमुना विद्यालय भौतिक निर्माण अनुदान**

क) शिक्षा तथा मानव श्रोत विकास केन्द्रले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा केन्द्रवाट छनोट भएका नमुना विद्यालय र राष्ट्रपती शैक्षीक कार्यक्रमको रकम ति विद्यालयको स्विकृत गुरुयोजनाको वार्षिक कार्यान्वियन योजना र निर्माण गर्ने कार्यको लागत अनुमान लगायतका कागजातको आधारमा विद्यालयसँग सम्झौता गरी सुरुमा कुल अनुदान रकमको ५० प्रतिशत, स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात दोश्रो किस्तामा ३० प्रतिशत र कार्यसम्पन्न भएपश्चात नापि किताव भरी कार्यसम्पन्न प्रतिवेदन पेश भएपछी वाकि २० प्रतिशत अनुदान तेश्रो किस्ताको रुपमा उपलव्ध गराउने उल्लेख छ । मण्डलि भञ्ज्याङ्ग मा वि लाई १२ कोठे भवन निर्माणको अन्तिम किस्ता वापतको ५६००००० सहित यस वर्ष जम्मा १ करोड समेत कुल जम्मा ३०६९२२०३.६५ समेतको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्नेमा कार्यसम्पन्न प्रतिवेदन वेगर पुरै अनुदान खर्च लेखेको उपयुक्त देखिएन । अत: अन्तिम विल भरपाई तथा प्राविधिक प्रतिवेदन र मुल्यांकन, नापि किताव सहितको कार्यसम्पन्न प्रतिवेदन वेगर अन्तिम भुक्तानी दिएको रकम अनियमित देखिएको रु.३०६९२२०३.६५

ख) सोहि विद्यालयको एकतला ३ कोठे प्रशासकिय भवनको लागी पहिलो किस्ता वापत ४४००००० विद्यालयलाई अनुदान दिएकोमा लेखापरीक्षण अवधिसम्ममा विद्युतिय खरिद प्रणाली मार्फत् आर्थिक वर्षको अन्तमा ठेक्का लगाएको पालिकाले जनाएको छ । तोकिएको अवधिमा कार्यसम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३,०६,९२,२०६.६५ |

४८ **रासन भत्ता**

(१४।६।२३ लगायत) आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 (5) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने ब्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा ५ जना गाउँ प्रहरी भर्ना गरी कार्यसम्पादन सम्झौता गरेको छ । गाउँप्रहरी सँग मिति २०८०।८।१४ लगायत विभिन्न मितिमा भएमो सम्झौताको बुँदा नं ११ मा मासिक तलव वाहेक अन्य सुविधा उपलव्ध गराईनेछैन भन्ने उल्लेख छ । सो सम्झौताका शर्त तथा उल्लेखित सेवा सुविधा अनुसार गाउँप्रहरीलाई रासन खर्च उपलव्ध गराउन मिल्ने देखिदैन । तर पालिकाले

गाउँप्रहरी सहायक निरिक्षक रामशरण अधिकारीलाई रासन भत्ता रु. ४१५८० भुक्तानी गरेको पाईयो । सम्झौता वाहेकको सुविधा भुक्तानी भएको कर कट्टी पछीको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| पद | नाम | जम्मा भुक्तानी | कर कट्टी पछीको रकम |
|---|---|---|---|
| अ.स.ई. | रामशरणअधिकारी | ४२००० | ४१५८० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३५,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३५,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३५,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३५,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,५८० |

४९ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमति प्रदेश "स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागी कुनै पनि कर्मचारी करारमा राख्न नपाईने उल्लेख छ । तर गाउँपालिकाले (प्रमुख प्रशासकिय अधिकृतवाट नियुक्त) अध्यक्षको लागी मिति २०८०।५।२१ मा कान्छावहादुर तामाङ्ग र उपाध्यक्षको लागी मिति २०८०।७।२ मा गणेश वानीयालाई निजि सचिवको रुपमा नियुक्त गरेको र हालसम्म तलव भुक्तानी नभएको पालिकाले जनाएको छ । त्यस्तै दरवन्दि भित्रका पदमा मात्र करारमा कर्मचारी राख्नुपर्दछ । नियममा भएको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त भुक्तानी गरेको (लोक सेवा आयोगमा समेत माग नगरेको) अनियमित देखिएको रु. ३५१७३०९

| **पद** | **बढी संख्या** | **संघ तथा प्रदेशको दरवन्दि वाहेकका पद संख्याको पारिश्रमिक** |
|---|---|---|
| ईन्जिनियर | १ | ६०६०६३ |
| अमिन | १ | ४२७७२६ |
| अनमि | ४ | १७१०९०४ |
| नेत्र सहायक | १ | ४५१४९० |
| अप्टिकल फिटर | १ | ३२११२६ |
| **जम्मा** | **८** | **३५१७३०९** |

| | |
|---|---|
| अनियमित भएको | ३५,१७,३०९ |

५० **पारिश्रमिक कर गणना**

आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका कर्मचारीको पारिश्रमिकमा ऐनमा भएको व्यवस्था अनुसार कर कट्टी नगरेकोले निम्नानुसारमा कर दाखिला गर्नुपर्ने देखिएको रु.

| नाम | जम्मा आय | अन्य खर्च | पारिश्रमिक कर सिमा | पारिश्रमिक कर लाग्ने रकम | पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| बासुदेवढकाल | ८६९२५४ | १२१४४२ | ६००००० | १४७८१२ | १४७८१ |
| चाँदनीघले | ८४८५७९ | ११७९४८ | ६००००० | १३०६३१ | १३०६३ |
| जम्मा | | | | | २७८४४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१८,२६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१७,०६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३,०६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८,२२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,८४४ |

५१ **दैनिक भ्रमण भत्ता तथा योजना अनुगमन भत्ता**

(गो भौ नं १२६।९।२५, ४१९।३।२४) स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक श्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । पालिका क्षेत्रमा आ व २०८०।८१ मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत विभिन्न ४४ जना पदाधिकारी तथा कर्मचारीलाई रु.२९२८६० भुक्तानी गरेको पाईयो । यस प्रकारको अनुगमनको लागी भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले अनियमित भएको रु २९२८६०

| | |
|---|---|
| अनियमित भएको | २,९२,८६० |

५२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर तथा मेडिकल अधिकृत सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र तोकिएका पदमा स्विकृत दरवन्दि वाहेकका पदमा बढी संख्यामा कर्मचारी कार्यरत रहदाँ विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । पालिकाले विभिन्न १०५ जना करारमा नियुक्त गरी वार्षिक रु.४१३८९२७० खर्च लेखेको छ । आन्तरीक आय श्रोतका आधारमा सहायकस्तरका अत्यावश्यक सेवा प्रवाहका लागी मात्र करार सेवामा जनशक्ती राखी खर्चमा मितव्ययीता ल्याउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५३ **कर्मचारी प्रोत्साहन र फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) वमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने दफा ८६ (२) वमोजिम सेवाको गठन संचालन तथा व्यवस्थापन सेवाको सुविधा अन्य व्यवस्था तहले वनाएको कानुन वमोजिम हुने उल्लेख छ । त्यस्तै स्थानीय सेवा गठन तथा संचालन ऐन २०७९ को दफा (६९) मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहनका लागि सम्वन्धित स्थानीय तहले आफ्नो आन्तरिक श्रोत वाट खर्च व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले कार्यपालिकाको मिति २०८१।१।८ र २०८१।२।२ लगायत विभिन्न मितिको निर्णयका आधारमा कानुन र कार्यविधि नवनाई प्रशासनिक ७ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत रु ५१४६१२ र फिल्ड भत्ता वापत १४ जना कर्मचारीलाई रु.२२८५३८८ समेत कुल जम्मा रु.२८ लाख खर्च लेखेको छ । यस किसिमको भुक्तानी खर्चमा पालिकाले आफ्नो आन्तरिक आयलाई समेत ध्यान दिई आय व्ययका विभिन्न सुचक निर्धारण गरी संघीय कानुनलाई समेत ख्याल गरी कानुन वनाउने र खर्च लेख्ने गर्नुपर्दछ ।

५४ **पूर्वनिर्धारित क्षतिपूर्ति**

गो भौ नं २५५।३।२४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले ग्रामिण अस्पताल फुलखर्कको लागी एक्सरे मेशिन खरिद गर्न मिति २०७९।१०।१३ मा रु २४९५००० मा खरिद गर्ने र मिति २०७९।११।१३ भित्र अस्पतालमा ल्याई जडान गर्ने गरि आपूर्तक शिवम् ट्रेडिङ्ग कन्सर्नसँग सम्झौता गरेको छ । आपुर्तकले मिति २०८०।१।२ मा मात्र अस्पतालमा ल्याई जडान गरेको प्राविधिक प्रतिवेदन पेश भएको छ । उक्त एक्सरे मेशिनको Inspection Report वेगर रकम भुक्तानी भएको देखिन्छ । आपूर्तकसँग भएको सम्झौताको GCC १३.१ मा उल्लेख भएअनुसारको मितिमा सामान आपुर्ति नगर्ने आपूर्तक वाट कुल सम्झौता अंक रु२४९५०००।०० को नियममा व्यवस्था भएअनुसार प्रतिदिन रु १२४७।५० का दरमा जम्मा ४८ दिनको रु ५९८८० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु५९८८०

त्यस्तै, पालिकाले मिति २०७९।११।३ सम्ममा आपुर्ति गर्ने गरी ग्रामिण अस्पताल फुलखर्कको लागी एक्सरे मेशिन खरिद सम्झौता गरेकोमा तोकिएको मितिभन्दा ४८ दिन ढिला मात्र आपुर्ति भएको र तोकिएको अस्पतालमा जडान गरी प्रयोगमा ल्याउने भनिएकोमा सो मेशिनलाई उचित तापक्रमसहितको कक्षमा राख्ने ठाउँको अभाव तथा विजुली व्याकअपको व्यवस्था नभएकोले बसेरी स्वास्थ्य चौकिमा लगेर जडान गर्ने भनि अस्पतालवाट पठाएकोमा र सो स्वास्थ्य चौकिमा समेत जडान नभई स्वास्थ्य चौकिमा नै थन्किएको छ । आवश्यक्ता पहिचान वेगरै खरीद भएको उक्त एक्सरे मेशिन प्रयोग विहिन हुँदा खिया लाग्ने अवस्था सिर्जना भएकोले मेशिन खरिद गर्ने पदाधिकारीलाई थप जिम्मेवार वनाई पालिकाले उक्त मेशिन सञ्चालनमा ल्याउन आवश्यक राख्ने ठाउँ र विजुली व्याकअपको व्यवस्था गरी खरिद भएको उक्त एक्सरे मेशिन पुर्ण रुपमा सञ्चालनमा ल्याउने व्यवस्था अविलम्व हुनुपर्दछ । अन्यथा मेशिनरी औजारमा खर्च भएको उक्त रकम दुरुपयोग हुने स्थाति देखिन्छ । पालिकाले उक्त मेशिनको व्यवस्थापन मिलाई सञ्चालनमा ल्याउनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,८८० |

५५ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

(गो भौ नं ७।६।२३ र ९१।९।१६) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव सशर्त अनुदानवाट उपलब्ध गराउने व्यवस्था छ । वित्तिय समानिकरण अनुदानको रकमवाट शिक्षकको तलव भत्ताको

लागी अनुदान दिन मिल्ने व्यवस्था देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ६७५३५५१ तलब भत्ता भुक्तानी गरेको नियमसंमत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ६७,५३,५५१ |

५६ **औषधि खरिद सम्वन्धमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) अनुसार २० लाख रुपैया सम्मको औषधिजन्य खरिद उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद अन्तर्गत रु.२९८१०२५ को औषधि खरिदमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

• औषधिको आपूर्तिपछि, भुक्तानि अघि गुणस्तर र स्पेशिफिकेशन अनुसारको समान भए नभएको मूल्यांकन समितिको प्रतिवेदनका आधारमा यकिन गरी भुक्तानि दिनुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धि कार्य भएको देखिएन ।

• निःशुल्क वितरणका लागि भनि औषधिको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन ।तथा औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएकोले औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ ।

• आपूर्ति भएका औषधिहरु डव्ल्यू एच ओ, जि एम पि प्रमाणित हुनुपर्नेमा सो को अवस्था एकिन हुन नसकेको, उत्पादन स्थिति व्याच नं, औषधि विक्रिको लागी होईन निशुल्क वितरणको लागी जस्ता व्यहोरा प्याकेजिङ्गमा नखुलाएको, औषधि तथा सर्जिकल सामान स्टोर दाखिला पूर्व स्पेशिफीकेसन अनुसार परीक्षण हुने नगरेको अवस्था छ । औषधीको inspection पश्चात् मात्र भुक्तानी हुनुपर्दछ ।

• औषधी खरीद आपूर्ति जिन्सि दाखिला खर्च अभिलेख अद्यावधिक गरी वफर स्टक समेतलाई मध्यनजर गरी औषधिको वितरण समेत खुल्ने गरी अभिलेख राख्ने वर्षान्तमा मौज्दात् वाँकि औषधिको जिम्मेवारी भौतिक परीक्षण समेत गरी जिन्सि अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५७ **बाल विकास शिक्षक**

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्युनतम विद्यार्थि संख्या २५ जनासम्म १ र २५ जनाभन्दा माथि भएमा थप बालविकास सहजकर्ता (ECD) राख्नपाउने व्यवस्था छ । तर यस पालिकाअन्तर्गत सञ्चालित विद्यालयले नियमविपरित बाल विकास सहजकर्ता राखि पोसाक रु.१००००, चाडपर्व रु.१५००० र मासिक रु.१५००० पारिश्रमिक भुक्तानीमा प्रति वाल विकास शिक्षक वार्षिक रु २०५०००।०० भुक्तानी हुँदा दरवन्दि भन्दा बढी राखिएका निम्नानुसारका कुल ३ जना वाल विकास शिक्षकको रु ६१५००० खर्च लेखेकोले मापदण्डले तोकेभन्दा बढी वाल विकास शिक्षक राखेको अनियमित देखिएको रु ६१५०००।००

| विद्यालयको नाम | विद्यार्थि संख्या | कार्यरत वाल विकास शिक्षक | वालविकास शिक्षकको दरवन्दि | बढी वाल विकास शिक्षक राखेको | कैफियत |
|---|---|---|---|---|---|
| रातामाटा आ वि | १० | २ | १ | १ | २०८० वैशाखवाट |
| शिवालय मा वि | १६ | २ | १ | १ | २०८० वैशाखवाट |
| महेन्द्ररत्न मा वि | १० | २ | १ | १ | २०७८ बैशाखवाट |

| | |
|---|---|
| अनियमित भएको | ६,१५,००० |

५८ **फोहोरमैला व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन ऐन २०६८ अनुसार स्थानिय तहहरुले श्रोतमा नै फोहोरको वर्गिकरण गर्न लगाई सोहि अनुसार संकलन एवं व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरको व्यवस्थापन जटील वन्दै गएको अवस्था छ । फोहोर उत्सर्जन हुने श्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालवाट उत्सर्जित एवं ई-वेष्ट लगायतका घातक फोहोरको वर्गिकरण गरी उपयुक्त व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५९ **वार्षिक प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३५ वमोजिम पालिकाले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने तोकेकोमा कार्यालयले वार्षिक प्रतिवेदन तयार गरेको छैन । नियमको पालना गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको समयमा पेश गर्नुपर्दछ ।

६० **जिन्सी निरीक्षण प्रतिबेदन**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उपनियम २ का कुराहरु खुलाउनुपर्ने व्यवस्था छ । तर पालिकाले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा जिन्सी खाता माग गर्दा सफ्टवेयरमा राख्ने गरेको जवाफ प्राप्त भएको र सफ्टवेयर देखाउन अनुरोध गरेकोमा सो समेत उपलव्ध हुन सकेन । साथै उक्त सफ्टवेयरबाट प्राप्त प्रतिवेदनहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ ।

६१ **सुत्केरी विदामा सट्टा शिक्षक**

(गो भौ नं २।६।२३) शिक्षा विभाग मानव श्रोत तथा विकास केन्द्र वाट प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयमा नियमित पठनपाठन गराउनु पर्ने र सट्टा शिक्षक राख्न नपाइने व्यवस्था रहेको छ । पालिकाले विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा नियमित विद्यालयमा अध्यापन गराउने शिक्षिका हरु सुत्केरी विदामा वसेको अवस्थामा बसेरी माध्यमिक विद्यालयमा सट्टा शिक्षक नियुक्ती गरी विद्यालयलाई निकासा दिएकोमा सट्टा शिक्षकमा नियुक्ती गर्न पाइने व्यवस्था नभएकोले पालिकाले सो विद्यालयका शिक्षिका तिलकुमारी मर्साङ्गीले सुत्केरी विदा लिएको समयमा निरुता गुरुङ्गलाइ सट्टा शिक्षक राखेको एकमुष्ठ रु.४०००० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४०,००० |

६२ **अग्रिम कर कट्टि नभएको**

भौ.नं.१३, २०८१।२।४ आयकर ऐन २०५८ को दफा ८७,८८ र ८९ अनुसार प्राकृतिक व्यक्तिको अतिरीक्त आय वा पुरस्कारको रकममा २५ प्रतिशतले श्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइनका लागि सूचना प्रकाशन गरेको सो अनुसार उत्कृष्ट लोगो डिजाइनरलाई पुरस्कार स्वरुप रु. ३५०००।– दिने गरी २०८० पौष २० गतेको कार्य पालिकाको वैठकवाट निर्णय भएकोमा लोगो डिजाइनर श्री निश्चल भट्ट(ना.प्र.नं.३३२०८१-३११४७) को लोगो उत्कृष्ट ठहरिएकोले २०८०।१।१४ को कार्य पालिकाको निर्णय नं.८ वाट पुरस्कृत गर्ने निर्णय भएको देखिन्छ । उक्त पुरस्कार निजले Apex Technology Pvt Ltd. (प्यान नं. ७०३५०६६४०) को मु.अ.कर विजक नं. ३३, मिति २०८१।२।१ को कर विजक राखी भुक्तानी लिएको उक्त पुरस्कारमा लाग्ने कर रकम कट्टी भएको नदेखिएकोले लाग्ने कर असुल हुनुपर्ने रु. ८७५०।–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७५० |

६३ **प्रशासकीय भवनको म्याद थप**

सार्वजनिक खरिद नियमावली २०६४ तथा निर्माण व्यवसायीसँग ठेक्का सम्झौता हुँदा सम्झौताको G.C.C 471 अनुसार निर्माण कार्य स्वीकृत कार्य तालिका वमोजिम प्रगति भएको तर अन्य मनासिव कारणवाट म्याद भित्र निर्माण सम्पन्न हुन नसकेमा आवस्यकता अनुसार शुरु ठेक्का अवधिको पचास प्रतिशत सम्मको समय तोकिएको सिमा भित्र रही तोकिएको अधिकारीले ठेक्काको म्याद थप गर्न सक्ने व्यवस्था छ । यसरी म्याद थप गर्नु अगावै ठेकेदारको रिभाइज work schedule माग गरी पुर्व निर्धारित क्षतिपुर्ती स्वीकार गर्ने प्रतिवद्धता समेत लिन पर्ने तोकेको छ । पालिकाको प्रशासनिक भवन निर्माणको लागि निर्माण व्यवसायी श्री कविन्द्र ज्वालामुखी भेनस जे.भी. संग २०७८।५।२९ मा रु.३९१६२७६६।– (Vat ps समेत) ठेक्का सम्झौता भई २०८०।५।२८ सम्म सम्पन्न गर्ने गरी कार्यादेश दिएको देखिन्छ । गत वर्ष सम्म रु. २८०५१५२०।– भुक्तानी लिई सकेको, चालु वर्ष रु. ६९९६७९९।९९ समेत रु. ३५०४८३२०।– भुक्तानी भएको देखिन्छ । ठेक्काको म्याद २०८०।५।२९ देखि समाप्त भएको, म्याद थप समेत नभएको, जमानतको म्याद ३० आश्वीन २०८१ सम्म मात्र रहेको देखिएकाले सार्वजनिक खरिद नियमावली (तेह्रौ संसोधन) २०८० अनुसार को सुविधा समेत उपयोग गर्दा पनी निर्माण कार्य अधुरो रहेको अवस्थामा ठेक्का vacant मा गएको देखिन्छ । यस सम्बन्धमा थप व्यहोरा निम्नानुसार रहेका छन् ।

ठेकेदारसंगको सम्झौताको G.C.C 47.1 अनुसार म्याद थपको उपयोग गर्दा समेत हाल सार्वजनिक खरिद नियमावली (तेह्रौ संसोधन) २०८० ले दिएको म्याद थप सुविधा २०८१।३।१५ मा सकिए पछी के आधारमा म्याद थप गर्ने भन्ने विषय अन्योल कायम रहेकोले म्याद गुज्रेपछी म्याद थपको कार्वाही भएको देखिएन । ठेक्का हालसम्म अन्तिम विल भुक्तानी हुन नसकेको कारण सम्झौतामा उल्लेख भए वमोजिम ठेक्का अंक रु. ३४६५७३१५।– (vat Ps वाहेक)को ०.०५% प्रतिशतले प्रतिदिन रु.१७३२८ ले १५ दिनको रु.२५९९३० पुर्वनिर्धारित क्षतिपुर्ति लिएर सम्झौता र खरिद कानुन बमोजिम कारवाहि गरी ठेक्काको मनासिव माफिकको समय थप गरेर निर्माण कार्य सम्पन्न गर्ने तर्फ आवश्यक पहल हुनु पर्दछ । रु.२५९९३०

ठेकेदारले पटक पटक म्याद थपको सुविधा उपयोग गर्दा समेत निर्माण कार्य अधुरो रहेको अन्तिम रनिङ्ग विल भुक्तानी हुन वाँकी रहेको अस्थामा As. Built of drawing को Provisional Sum वापतको रकम रनिङ्ग विलवाट रु.१०३०००।– विजक तथा drawing का design हरु पेश नगरी भुक्तानी लिएकोले अनियमित देखिएको रु. १०३०००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६२,९३० |

## ६४ झोलुगेपुलको भुक्तानी

कल्लेरी कार्तिके झोलुगें पुल निर्माणको लागि उपभोक्ता समिति तथा परामर्शदाता Action Nepal र पालिका विच साझेदारी सम्झौता अनुसार झोलुगे पुल निर्माण गर्न रु. ६४४३९००।– मध्ये रु. १३५६७८०।– को सामान खरिदको लागि गौरव नेपाल इन्जिनियरिङ्ग प्रा.ली. संग २०८१।२।७ मा सम्झौता भएकोमा वर्षान्तमा आपुर्तकले सामान गाँउपालिकाको स्येर सम्म बुझाएको देखिन्छ । उपभोक्ता समितिसंगको समंझौता २०८१।३।२५ सम्म रहेकोले उक्त सामान जडान गरी निर्माण सम्पन्न हुन नसकेको अवस्था देखियो । परामर्शदातासँग सेवा शुल्क रु. ३३८८४०।५० को समंझौता भई प्रथम किस्ता रु. १२६४७९।– समेत भुक्तानी भएको अवस्थामा उपभोक्ता समितिले झोलुगे पुल निर्माणको कार्य प्रारम्भ नै नहुदै पुलको म्याद सकिएको देखिएकाले आवस्यक निर्णय गरी खरिद गरिएका fabrication Parts, Glamorizing को जडान गरी पुल निर्माण सम्पन्न गरेर आवत जावत सहज वनाउनु पर्दछ ।

## ६५ विमा भुक्तानी

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा निर्माण कार्य गराउदा २० लाख भन्दा वढिको ठेक्कामा लगत इष्टिमेट तयार गर्दा नै विमाको प्रावधान अनिवार्य गर्ने तथा अन्य आकस्मिक कार्य, गुणस्तर परिक्षण कार्यका लागि provisional sum को व्यवस्था गर्नुपर्ने उल्लेख छ । पोभिजनल सममा उल्लेखित आइटमहरुको भुक्तानी वास्तविक विलको आधारमा गर्नुपर्नेमा आधुनिक आरन व्यवस्थापन गर्न निर्माण व्यवसायी वासु कष्ट्रक्सनसंग रु. ८७५४१६७।८७ मा ठेक्का स्वीकृत गरी अन्तिम रनिङ्ग विलको भुक्तानीमा विमा रकम दावी गरेको तर उक्त विमाको कर विजक पेश भएको नदेखिएकाले P.S item मा प्रोभिजन गरेको विमा वापतको रकम भुक्तानी भएको छ । विल विजक वेगर भुक्तानी रु. २९६९६।६३ को सक्कल विमाको कर विजक पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. २९६९६।६३

| प्रमाण पेश नगरेको | ५९,३९२ |
|---|---|

६६ **पारिश्रमिक बढी भुक्तानी**

श्री कल्याण मा.वि. गुम्दीको व्यवस्थापन मर्मत योजनाको लगत ईष्टिमेट रु. ४९७५३९।५४ स्वीकृत भई समितिसंग ज्याला पारिश्रमिक तर्फ रु. १२३९८७।– तथा अन्य सामाग्री तर्फ रु. १६४०१३।– को अनुपातमा खर्च गर्ने गरी सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न गरी विल भुक्तानी हुदा सम्झौतामा तोके भन्दा फरक रु. १३५९८७।– पारिश्रमिक भुक्तानी भएकोले वढी पारिश्रमिक भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| अनियमित भएको | १२,००० |
|---|---|

६७ **पर्यटन क्याम्पिङ्गको खर्च**

भौ.नं.४००, २०८१।३।२४ गंगा जमुना गाउपालिका र ट्रेकिङ्ग एजेन्ट एसोसिएशन अफ नेपाल (TAN) को साझेदारीमा २०८१।१।१६ देखि २२ गते सम्म आर्खेत – वथालेडाडा – भैसे – चर्तुथला – लिगसुरे – पोखराडाडा – री – पासाङ्गचोक गुम्दी गंगा जमुना पर्यटन पदमार्ग अवलोकन, प्रवर्धन क्याम्पेन संचालन गरेको भनी विभिन्न होटेल, माछा फर्मका विल संलग्न गरी १० जना पदाधिकारीलाई खाना, खाजा लागयतका विलवाट रु. ५८६४३०।– खर्च लेखेको छ । उक्त क्याम्पेनमा TAN को साझेदारी एवं लगानी प्राप्त नभएको, सहभागिता समेत नरहेको उक्त क्याम्पेनको साझेदारीको अनुमानित लागत स्वीकृत नभएको, क्याम्पेनिङ्गमा के कति सहभागी भए सो को विवरण समेत नखुलाई दिएको भुक्तानी अनियमित देखिएको रु. ५८६४३०।–

| अनियमित भएको | ५,८६,४३० |
|---|---|

६८ **एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम**

६८.१ सार्वजनिक खरिद ऐन २०६३, तथा नियमावली २०६४ एवं ठेकेदार संग भएको सम्झौताको G.C.C 47.1 को उल्लेखित म्याद थप सम्बन्धी शर्त वमोजिम निर्माण कार्यको स्वीकृत कार्य तालिका वमोजिम मनासिव कारण भएमा आवस्यकता अनुसार शुरु ठेक्का अवधिको पचास प्रतिशत सम्मको समय नियमावलीको व्यवस्थाको सिमा भित्र तोकिएको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । यसरी म्याद थप गर्दा ठेकेदारले माग गरेको समय सिमा भित्र निर्माण कार्य सक्ने प्रतिवद्धता सहितको Revise working Schedule अनिवार्य पेश गर्नु पर्ने समेत तोकेको छ । पालिकामा ५ शैयाको फुलखर्क ग्रामिण अस्पताल भवन निर्माणका लागि निर्माण व्यवसायी सुनकोशी/प्रजिल जे.भि सँग ठेक्का अंक रु. ५०१४५७००।४१ (मु.अ.कर समेत) मा २०७८।२।१६ मा ठेक्का सम्झौता भएको देखियो । उक्त भवनको ठेक्का २०८०।२।१५ मा सम्पन्न गर्नुपर्नेमा ठेकेदारले तोकिएको मितिमा कार्य सम्पन्न गर्न नसकी सार्वजनिक खरिद नियमावली २०८० (तेह्रौ संसोधन) अनुसारको प्रावधान अनुसार रुग्ढ आयोजनाहरु २०८१।३।३० सम्म एक पटकका लागि म्याद थप गर्ने व्यवस्था अनुसार २०८१।३।१५ सम्म १ वर्षको लागि म्याद थप भएको उक्त म्याद थप गर्दा ठेकेदारले सो थपिएको अवधिमा ठेक्का सम्पन्न गर्न नसकेमा पुर्व निर्धारित क्षतिपुर्ती सम्झौतामा उल्लेखित शर्त वमोजिम तिर्न स्वीकार गरेको पुरक करार पत्र समेत संलग्न रहेको देखिन्छ ।नियमावलीको तेह्रौ संसोधन हुनु अगावै २०८०।२।१५ पछाडी करिव ९ महिना ठेक्का vacant मा गएको अस्था देखिन्छ ।ठेकेदारले गत वर्ष सम्म दोश्रो रनिङ्ग विलवाट रु. १५२२९२२७।७९ भुक्तानी लिई सकेकोमा यस वर्ष तेस्रो रनिङ्ग विल पेश हुदा नियमावलीको १३ औ संसोधनले दिएको म्याद थपको सुविधा सकिएको अवस्थामा समेत पालिकाले रु. १६५१०४७१।– थप भुक्तानी दिएको देखियो । यस ठेक्का सम्बन्धी थप व्यहोरा निम्नानुसार छन् ।

१) खरिद नियमावली (तेह्रौ संसोधन) २०८० ले दिएको म्याद थप १ वर्षे सुविधा २०८१।३।१५ मा समाप्त भए पश्चात ठेक्काको म्याद के आधारमा थप हुने भन्ने विषय अन्यौल रहेको कारण ठेक्काको म्याद थप्न पालिकाले पहल नगरेको देखिन्छ । ठेकेदारले पुर्व निर्धारित क्षतिपुर्ती तिर्ने शर्त मन्जुर गरेकोले पालिकाले ठेक्का अंक ४४३७६७२६ (vat बाहेक) को सम्झौताको G.C.C. 47.1 तथा सार्वजनिक खरिद नियमावलीको १२१(७) वमोजिम वढिमा १० प्रतिशतमा नवढ्ने गरी प्रति दिन ०.०५ प्रतिशतका दरले हिसाव गरी हुन आउने १५ दिनको रु.३३२८२५ हर्जना लिएर सम्झौता र खरिद कानुन बमोजिम कारवाहि गर्ने र आवस्यकता अनुसार म्याद थप गरी निर्माण कार्य यथासिघ्र सम्पन्न गर्नु पर्दछ ।

| असुल गर्नुपर्ने | ३,३२,८२५ |
|---|---|

६८.२ २) सार्वजनिक खरिद नियमावली २०६४ तथा ठेकेदार संगको सम्झौताका शर्त अनुसार लागत अनुमान तयार गर्दा पुर्व अनुमान गर्न नसकिने कामको लागि मात्र प्राविधिक पुष्ट्याई सहित रा.प.द्धितिय श्रेणीको कार्यालय प्रमुखले सम्झौता अंकको ५ प्रतिशत सम्म भेरिएशन आदेश जारी गरी भेरिएशन आदेश दिन सक्ने व्यवस्था छ । सो स्वीकृत प्रक्रिया नगई रु. ४२७४१४३।५२ भेरिएशन भुक्तानी दिएको छ। अधिकार प्राप्त अधिकारोको भेरिएशन स्वीकृत वेगर भुक्तानी दिएको उक्त रकम अनियमित देखिएको रु. ४२७४१४३।५२

| अनियमित भएको | ४२,७४,१४३ |
|---|---|

## ६९ अनुगमन भत्ता

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि (१) बमोजिमको सुविधा पाउने उल्लेख छ ।त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको उपलब्ध आर्थिक श्रोतका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ ।पालिका क्षेत्रमा आ.व. २०८०।८१ मा सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमनको लागी भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले अनुगमन भत्ता रकम नियमसम्मत नभएको रु.

| भौ. नं . र कार्यक्रमको नाम तथा कार्यक्रम सञ्चालनकर्ताको नाम | अनुगमन भत्ता बुझ्नेको नाम | अनुगमन संख्या | भत्ता रकम | भत्ता रकम ( १५ % कर कट्टि पश्चात ) |
|---|---|---|---|---|
| ३१५।०८१।३।१० उपाध्यक्ष उद्धमशिलता अन्तर्गत १० दिने मन्टेश्वरी तालिम | गापा अध्यक्ष श्री भक्त बहादर बोहरा | ५ | ५००० | ४२५० |
| | उपाध्यक्ष श्री रामेश्वर सिंखडा | ५ | ५००० | ४२५० |
| | प्र प्र अ श्री अनिल कुमार श्रेष्ठ | ५ | ५००० | ४२५० |
| | ले अ श्री सुमन पराजुली | ५ | ५००० | ४२५० |
| | शिक्षा अधिकृत श्री मान बहादुर बोहरा | ५ | ५००० | ४२५० |
| | प्रा स श्री सुमित कुमार चौधरी | ५ | ५००० | ४२५० |
| | सुरक्षा प्रमुख श्री रामशरण अधिकारी | २ | २००० | १७०० |
| | कास श्री अम्बु अधिकारी | २ | २००० | १७०० |
| | कास श्री सन्तोषी रिजाल | २ | २००० | १७०० |
| | कास श्री विमल राना मगर | २ | २००० | १७०० |
| | कास श्री ध्रुव बाँनिया | २ | २००० | १७०० |
| | जम्मा | | ४०००० | ३४००० |

| अनियमित भएको | ३४,००० |
|---|---|

## ७० विद्यालय अनुदानको अनुगमन

विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयंन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न ४३ वटा विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, ओजेटि अनुदान, आईसिटि ल्याब अनुदान, नमूना विद्यालय भौतिक निर्माण लगायत अन्य विभिन्न शिर्षकवापत रु. ३०१७१०८९ अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन भएको अनुदान खर्चको अनुगमन गरेको देखिएन । पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । यस्ता खर्चको भुक्तानीलाई अनुगमन प्रतिवेदनसँग अद्यावधिक गरेर अनुदान रकमको उपयोग, प्राप्त प्रतिफल यकिन गरेर अनुदानको उपयोग सुनिश्चित गर्नुपर्दछ ।

७१ **मौरी घार अनुदान** (३६६-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले सहिद द्वन्द्व पिडित वेपता घर परिवारहरुलाई उद्यमशिलता सिप विकास तालिम खर्च शिर्षकबाट रु. ५४००० को १२ थान मौरी खाली घार तथा रु. २३५२०० को २४ थान मौरी सहितको घार खरिद गरी १२ कृषकलाई छनौट गरी प्रति कृषक मौरी सहितको घार २ थान र मौरी खाली घार १ थान वितरण गरेको छ । वितरीत अनुदानको समयमै अनुगमन गरी त्यसको प्रभावकारीता भए नभएको प्रगति प्रतिवेदन पेश गर्नुपर्नेमा, प्रतिवेदन पेश भएको पाईएन ।अनुदान स्वरुप वितरण गरिएका मौरी पालन कृषकहरुको आवश्यकताअनुसार अनुगमन समेत गरी अनुदान रकमको उपयोग एंवम प्रतिफल समेतको प्रतिवेदन पेश हुनुपर्दछ ।

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई बढिमा १०० दिनको रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ.व.मा पालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| वडा नं. | कार्यक्रम | रोजगार संख्या | ज्यालामा खर्च भएको रकम |
|---|---|---|---|
| पालिकाका ७ वटा वडामा २५ वटा योजना | सडक मर्मत, गोरेटो बाटो निर्माण , सडक सोलिङ तथा विद्यालय घेरावार निर्माण तथा मर्मत | १२१ | ६०८३००० |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ.व. मा रु. ८११५००० रकम व्यवस्था भएकोमा रु. ८०३७००० करिव ९९.०४ % खर्च भएको देखिन्छ। यस मध्ये रु. ६०८३००० श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ। यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका १६०३ मध्ये यस वर्ष १२१ जनालाई औषत रोजगारीको दिन ९९.८५ (४० जना) र ६१.१२ (८१ जना) दिन रोजगारी प्रदान गरेको देखिन्छ। पालिकाले रोष्टरमा सूचीकृत भएका श्रमिकका लागि अधिक रोजगारीका लागि आवश्यक मात्रामा श्रम प्रधान योजना छनौट गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

७३ **प्रयोजन दोहोरो हुने गरी भुक्तानी**

भौ.नं.१३, २०८१।३।२४, पालिकाले राष्ट्रिय परिचयपत्र शिविर संचालन गरेको भनी १ जना कम्प्युटर अपरेटर, २ जना सहयोगीका लागि सिविर अवधिमा खाजा खाना भत्ता रकम भुक्तानी गरेको छ । वडागत रुपमा शिविर संचालन गरेको भनी पुन: थप वडागत भत्ता समेत खर्च लेखेको गरेको देखिन्छ । वडामा शिविर संचालन भई, के कति राष्ट्रिय परिचय पत्र वितरण भयो, नयाँ परिचयपत्रका लागि के कति थप निवेदन लिइयो सो सम्बन्धी खर्च पुष्टि हुने आधिकारिक प्रमाण कागजात संलग्न नगरी देहाय अनुसारको लेखेको भुक्तानी खर्च अनियमित देखिएको रु. ४२४५४५।–

| क्र.सं. | विवरण | मु.अ.कर रकम |
|---|---|---|
| १ | कम्प्युटर अपरेटर – १, कार्यालय सहयोगी २ को शिविर अवधिको खाना खाजा, दैनिक भत्ता | १२३२०० |
| २ | वार्ड नं. ७ को शिविर खर्च | ५४००० |
| ३ | वार्ड नं. १ को शिविर खर्च | ३८९४५ |
| ४ | वार्ड नं. ३ को शिविर खर्च | १४५००० |
| ५ | वार्ड नं. ६ को शिविर खर्च | ६३४०० |
| | जम्मा | ४२४५४५।- |

| अनियमित भएको | ४,२४,५४५ |
|---|---|

७४ **वर्षान्तमा खरिद**

भौ.नं.४१४, २०८१।३।२४ पालिकाले वर्षान्तमा विपद व्यवस्थापन कार्यको लागि विभिन्न फर्म तथा आपुर्तकवाट सोझै दर रेट मागी विभिन्न तार जाली, पाईप, लगायतका अन्य लजिष्टिक सामानहरु खरिद गरी निम्नानुसारका आपुर्तकलाई भुक्तानी दिएको छ ।

| क्र.सं. | आपुर्तकको नाम | सामानहरु | परिमाण | साइज | भू रकम |
|---|---|---|---|---|---|
| १. | पल्भिस कष्ट्रक्सन एण्ड सप्लायर्स | Gabion | 133 Pc | विभिन्न | ३०१७७७ |
| | | G.I. Pipe | 2804 R/M | विभिन्न | ५०३८३५ |
| | | HDP Pipe | 2930 R/M | विभिन्न | २०७७४२ |
| २. | डिजान मल्टिप्रपोज सप्लायर्स | HDP Pipe तार जाली | - | विभिन्न | २०९२५७ |
| | जम्मा | | | | १२२२६११ |

उपरोक्त अनुसार वर्षान्तमा खरिद गरिएका सामाग्रीहरु जिन्सिमा आम्दानी नदेखिएको विपद जन्य सामाग्रीहरु वितरण समेत भए गरेको नभेटिएकोले वर्षान्तमा खरिद भएका उक्त सामाग्री जिन्सिमा आम्दानी अद्यावधिक गरी राख्नुपर्ने तथा विपदका लागि खरिद भएका सामान Laying Joint गरी कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. १२,२२,६११।–

| प्रमाण पेश नगरेको | १२,२२,६११ |
|---|---|

७५ **एकीकृत पर्यटन पुर्वाधार कार्यक्रम**

गंगा जमुना पर्यटन क्षेत्र पुर्वाधार विकास गर्न पालिकाले रु. ५४ करोड ८७ लाख ६६ हजार ७३६।– को लागत अनुमान सहितको गुरु योजना तयार गरी मन्दिर गुम्वा, स्तुपा भ्यू टावर, कन्फरेन्स हल, पोखरी लगायतका विभिन्न ३० वटा भौतिक संरचनाहरु निर्माण गर्ने लक्ष्य राखेको छ । जस अनुसार गरी पुर्वाधारका कार्यहरुको प्रथम चरणको ठेक्का रु. ६ करोड ६ लाख २३ हजार १५१ को प्रथम प्याकेजको वोलपत्र आह्वान गरेकोमा रु. ४ करोड ७५ लाख १ हजार ३१३।– कवोल गरी निर्माण व्यवसायी श्री कविन्द।पचली भैरव

ज्वालामुखी जे.भी. संग २०७८।५।२८ मा ठेक्का सम्झौता भएकोमा गत वर्षको रु.१४८४८९२१।३४ वरावरको दोश्रो रनिङ्ग विल भुक्तानी भएकोमा यस वर्ष रु. १०४५९२६०।– समेत हालसम्म रु. ४०५९२१७६।०३ खर्च भएको छ।
यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

गुरुयोजनाले परिकल्पना गरेका ३० वटा भौतिक संरचनाहरु मध्ये मुस्किलले ७,८ वटा संरचना निर्माणाधिन रहेको स्थलगत अनुगमनवाट देखियो । अधिकांश पर्यटन आकर्षण गर्ने संरचनाहरु निर्माण हुन वाँकी रहेको, पुर्वाधार निर्माणको लागि श्रोतको सुनिश्चितता हुन नसकेको, प्राथमिकरणका आधारमा पुर्वाधार निर्माणमा गांउ पालिकाको प्राथमिकतामा राख्न नसकेको देखियो । होमस्टे, विद्युतिकरण, खानेपानी तथा मन्दिर परिसरका भौतिक संरचना समयमा निर्माण गर्न सकेमा पर्यटनको आन्तिक गन्तव्यको रुपमा विकास गरी आन्तिरक आय आर्जन, रोजगारी सृजना लगायतका सम्भावना देखिएकोले पुर्वाधार निर्माणमा गुरुयोजना अनुसार प्राथमिकता दिनु पर्दछ ।
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(१) मा कार्यालयले निर्माण कार्यको सम्झौताको क्रममा पुर्वानुमान गर्न नसकिने परिस्थितिका कारण थप निर्माणको कार्य गर्नुपर्ने अवस्था सृजना भएमा नियमावलीको प्रकृया पुरा गरी नियमावलीमा उल्लेखित ठेक्का स्वीकृत गर्ने अधिकारीले सीमा सम्मको भेरिएसन पुष्टयाई सहित स्वीकृती गरी जारी गर्न सक्ने व्यवस्था छ । पर्यटन पुर्वाधारका संरचना निर्माण कार्यको निर्माण व्यवसायी कविन्द्र पचली भैरवी ज्वालामुखी जे.भी. संग रु. ४७५०१३१३।७६ सम्झौता भई यस वर्ष तेस्रो रनिङ्ग विलवाट रु. १०४५९२६०।६९ भुक्तानी हुँदा भेरिएशन स्वीकृत नगरी Item no 2 E/w excavation work मा ४५९३ m2 प्रति m2 रु. ४०० का दरले रु. १८३७२००।– भेरिएशन वापतको रकम भुक्तानी भएको देखियो । भेरिएशन जारी गर्ने अधिकारीले पुष्टयाई सहित आदेश स्वीकृत नगरी रनिङ्ग विलवाट दिएको नियमसम्मत नदेखिएको रु. १८३७२००।–

| | |
|---|---|
| अनियमित भएको | १८,३७,२०० |

७६ **अधुरो कार्यको भुक्तानी**

पुर्वाधार निर्माणमा विभिन्न ५ वटा मुर्ती निर्मण गर्ने items स्वीकृत गरी ठेक्का कार्यान्वियन गरेको, सो अनुसार तेस्रो रनिङ्ग विलवाट मुर्ती निर्माणमा नापी कितावमा दररेट विश्लेषण नगरी detail estimate मा skill man mandate को अनुशरण नगरी लमसममा १५ लाख को निर्माण कार्य गराएको देखियो ।

| सि. नं . | मुर्तिको विवरण | साइज | लमसम भुक्तानी |
|---|---|---|---|
| १ | ढुंगामा कुदेको शिवको मुर्ती | उचाई – ७ फिट | ५०००००।- |
| | | तौल - २ . ५ - ३ कि . ग्र . | |
| | | मोटाई – १ . ५ – २ | |
| २ | Shiva Sitting status मुर्ती | उचाई – ३फिट | ४०००००।- |
| | | तौल - २ . ५ - ३ कि . ग्र . | |
| | | मोटाई – १ . ५ – २ | |
| ३ | गंगा जमुना, वुद्ध र गणेश मुर्ती | L.S. | २०००००।- |
| ४ | गंगा जमुना, विष्णु , नारायण जणेश | L.S. | २०००००।- |
| ५ | Status of various shapes per side | L.S. | २०००००।- |

उपरोक्त वमोजिम वुद्ध, नारायण, गणेश ३ वटा मुर्ती स्थलगत रुपमा नदेखिएको तर सवै ९ वटा मुर्तीको भुक्तानी भएको देखिन्छ । पुर्वाधार क्षेत्रका ढुंगामा नै कुदेर वनाएका उक्त मुर्तीको detail estimate नगरेको, मुर्ति निर्माण अधुरो रहदै पुरै मुर्तीको रु. १५ लाख लमसममा मुल्याङ्कन गरी खर्च लेखेको अनियमित देखिएको रु. १५०००००।–

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

७७ **सम्झौता भन्दा घटी निर्माण कार्यको भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(४) मा निर्माण गरिएका संरचना उद्देश्य अनुरुप संचालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो निर्माण कार्य स्वीकार गर्न नसकिने व्यवस्था तोकेको छ । कार्यालयले ५० प्रतिशत लागत साझेदारीमा गम्वा लामा माछा फार्मसंग रेन्वो ट्राउट माछा पाल्नेपोखरी लगायतका संरचना निर्माणका लागि रु.२० लाखको लागत इष्टिमेट स्वीकृत गरेको देखियो । उक्त परियोजनामा नीज फर्मले लगानी गर्न नसकेको कारण देखाई रु.१२२६९२४।– को अन्तिम रनिङ्ग विल पेश गरी रु.६१३४६२।– खर्च लेखेको देखियो । माछापालन अनुदानवाट फर्मले सम्झौता वमोजिमका संरचनाहरु तयार गरी रेन्वो ट्राउट माछा पालन गरी रोजगारी सृजना, माछा मासुको माग पुर्ती, एवं आय आर्जन गर्ने लक्ष्य सहित गरिएको लगानी अधुरो संरचनावाट पुरा हुने देखिदैन । करिव ५० प्रतिशत निर्माण कार्यको भौतिक प्रगतीका आधारमा कार्यालयले सम्झौता अनुसारको निर्माण कार्य गरी माछा पालन कार्यका लागी प्रस्तावित संरचना संचालनका लागि उपयुक्त नदेखिने अवस्था रहेकोले योजनावाट लाभग्राही पुर्ण लाभान्वीत हुने कुरामा आश्वस्तता हुन सकिएन । न्यून कार्य प्रगतिको उक्त योजना अधुरो अपुरो अवस्थामा दिएको भुक्तानी खेरजाने अवस्था देखियो । अत आंशिक गरे भएको कामको मापन मुल्यांकन गरी योजना वर्षान्तमा सम्पन्न गरेर दिएको भुक्तानी अनियमित देखिएको रु. ६१३४६२।–

| | |
|---|---|
| अनियमित भएको | ६,१३,४६२ |

७८ **भेरीएशनको भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(१) मा खरिद पालिकाले सम्झौता गर्दाको वखत पुर्वअनुमान गर्न नसक्ने परिस्थितीका कारण थप निर्माणको कार्य गर्नुपर्ने अवस्था सृजना भएमा नियमावलीको प्रक्रुया पुरा गरी भेरिएशन जारी गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकार हस्तान्तरित निम्नानुसारका योजनाहरुमा नियमावलीको तोकेका प्रक्रृयाको अवलम्वन नगरी पटक पटक भेरिएशन गराई भुक्तानी भएको छ ।

| क्र.सं. | योजनाको नाम | सम्झौता रकम | भेरिएशन भएको रकम | कुल भुक्तानी रकम | भेरिएशनको प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सुकभञ्ज्याङ्ग वासखर्क झ्याप्डाँडा सडक स्तरोन्नती | ७९९४४८९ | १५९८९५९ | ८९२५१८७ | २०% |
| २. | ढाड खर्क-सादन लफसीवोट खानेपानी योजना | ८८४६६७२ | ११५१६४३ | ९२९९३०४ | १३% |
| ३. | वर्दन स्वास्थ्य चौकी निर्माण | ७७०१४०० | १९६४५१४ | ८९५७६०४ | २५.१% |
| ४. | नयाँ चौतारा सितला लुम्ब्री सडक स्तरोन्नती | १०७८८०७१ | १८४९३०९ | १२६३७३८० | १७.४% |
| ५. | चिसापानी पात्लेखेत खानेपानी योजना | १७८५५९४ | १२४९९१ | १७८९५८५ | ७% |
| ६. | वसेरी-कार्तिके-काल्सिङ्ग खानेपानी योजना | २२५८१०५ | २२५६०९ | २४४२८२९ | १०% |
| | जम्मा | | ६९१५०२५ | | |

उपरोक्त ६ वटै ठेक्कामा ठेकेदार सँगको सम्झौताको G.C.C No 37 वमोजिम प्रत्येक ठेक्कामा ५% आईटम थप घट भएमा र सुरु सम्झौताको Items मा २ प्रतिशत भन्दा वढी नभएमा कार्यालय प्रमुखले items भेरिएशनको स्वीकृती एवं पुष्ट्याई गरी भुक्तानी गर्न सक्ने उल्लेख भएकोमा सवै ठेक्काको भेरिएशन आईटममा थप गरेर भुक्तानी भएको, वर्दन स्वास्थ्य चौकीको हकमा शुरु सम्झौताको २५ प्रतिशत भन्दा वढी भेरिएशन भएको, नियमावलीको व्यवस्थाले तोकेको ५% भन्दा वढीको भेरिएशन कार्यपालिकामा पेश भएको देखिन्छ । उक्त भेरिएशन गाउपालिका सभाले अनुमोदन गरेको छैन । अत उपरोक्त ठेक्काको अन्तिम विल भुक्तानी गर्दा सम्झौताको परिमाण भन्दा वढी कार्य गरेको सम्बन्धमा प्राविधिक पुष्ट्याई सहित नियमावलीले तोकेको सीमा सम्मको भेरिएशन स्वीकृत गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार नगरी आधार वेगर भेरिएशन थप भुक्तानी दिएको रु. ६९१५०२५।–

| | |
|---|---|
| अनियमित भएको | ६९,१५,०२५ |

७९ **लागत सहभागिता**

भौ.नं. २२, २०८१।३।२१ – गाउपालिकाले स्वीकृत वार्षिक नीति तथा कार्यक्रम २०८० अनुसार कार्यक्रम छनौट गर्दा उपभोक्ता समिति मार्फत कार्यान्वियन हुने योजनामा समितिको तर्फवाट नगद लागत सहभागिता जुट्ने योजनालाई प्राथमिकता दिन, न्युनतम १० प्रतिशत जनसहभागिता अनिवार्य व्यहोर्ने गरी योजना सम्झौता गर्नुपर्ने उल्लेख छ ।पालिकाले कराङ्ग स्वास्थ्य चौकी भवन निर्माणका लागि उपभोक्ता समित संग रु.२२००२७१।– मा सम्झौता गरी उपभोक्ताको व्यहोर्ने हिस्सा रु.१३९५४७।– रहने पालिकाले १,९२,०००।– भुक्तानी दिने गरी योजना कार्यान्वियन गरेको छ । उक्त भवनको अन्तिम प्राविधिक विल अनुसरण रु. २१३९५४७।– को कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी उपभोक्ताको लागत सहभागिता रु.२००२७१।– मात्र कट्टा गरेर पालिकाले सम्झौता अनुसार रु.१८६७०००।– पुरै रकम भुक्तानी भएकोले घटी अनुपातिक कट्टा गर्नुपर्ने देखिएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,७२२ |

## ८० ठेक्का रकम भुक्तानी गर्दा विल वेगर भुक्तानी

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार निर्माण कार्य गराउदा २० लाख भन्दा माथिका ठेक्का लगत ईष्टिमेट मा विमाको प्रावधान अनिवार्य गर्ने, अन्य आकस्मिक कार्य, गुणस्तर परीक्षण कार्य, as built of drawing का कार्यका लागी लगत ईष्टिमेट मा Provisional sum को व्यवस्था गर्नुपर्ने उल्लेख छ । प्रोभिजनल सममा ठेक्का स्वीकृत हुदा समावेश विमा, ल्यावटेष्ट, as built of drawing जस्ता आईटमको भुक्तानी वास्तविक विलको आधारमा गर्नुपर्नेमा, कार्यालयले ठेक्काको रनिङ्ग विलमा विल विजक वेगर यस्ता P.S. Items सिफारिस गरी स्वीकृत भएको, सो आधारमा भुक्तानी दिएको समेत देखियो । विजक वेगर रनिङ्ग विलवाट ठेकेदार श्री कविन्द्र पचली भैरवी ज्वालामुखी जे.भी. लाई तेस्रो रनिङ्ग विलवाट भुक्तानी भएको निम्नानुसारको खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. ६०,०००।–

| क्र.सं. | भुक्तानी विल | रकम |
|---|---|---|
| १ | विमा शुल्क | ३०००००।- |
| २ | ल्याव टेष्ट रिपोर्टहरुको शुल्क | १५००००।- |
| ३ | As built of drawing | १५००००।- |
| | जम्मा | ६०००००।- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

## ८१ अनुदानको सदुपयोग

भौ.नं.१६ २०८१।३।२४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ अनुसार स्वीकृत वजेट तथा कार्यक्रमको खर्च गर्दा रितपुर्वकका विल विजक भरपाई सहितको लेखा अद्यावधिक गरेर भुक्तानी दिने दायित्व लेखा प्रमुख तथा कार्यालय प्रमुखको हुने तोकेको छ । पालिकाले कोषवाट १ वडा १ पकेट क्षेत्र कार्यक्रमको लागी वर्षान्तमा रु. ७८६१००।– को भुक्तानी खर्च लेखेकोमा कुन कुन पकेट क्षेत्रका लागि के कति रकम भुक्तानी भएको हो सो को पकेट क्षेत्र, स्वीकृत कार्यक्रमको लागि दिएको अनुदान रकम, पकेट अनुदान पाउने वडागत निर्णय सिफारिस तथा यसरी गएको अनुदानको उपयोग एवं उपलब्धी समेत देखिने अनुगमन मुल्यांकन प्रतिवेदन लगायतका कुनै प्रमाण वेगर लेखेको खर्च अनियमति देखिएको रु. ७८६१००।–

| | |
|---|---|
| अनियमित भएको | ७,८६,१०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गङ्गाजमुना गाउँपालिका, धादिंग , गंगाजमुना गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अनिल श्रेष्ठ | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Arjun Prasad Sapkota | २०७९-४-१ | २०८०-१०-२९ |
| लेखा प्रमुख | Suman Parajuli | २०८०-११-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१६७,१८५ | ६६,७१९,५१२.६५ | ८,१७६,६३७ | ० | ० | २,३००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७८,३६३,३३४.६५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २००,२५४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७८,१६३,०८०.६५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७७७४७२४६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५२८७१८४१९ | चालु खर्च | ३१३२५४१५४ |
| प्रदेश सरकारबाट अनुदान | ६४८२२००० | पूँजीगत खर्च | १९८३०८३४१ |
| राजश्व बाँडफाँट | ८९५५५६५२ | वित्तीय/अन्य व्यवस्था | २०१६३४४४६ |
| आन्तरिक आय | ५४२२५४६.० | | |
| अन्य आय | ८२४७६७४.० | | |
| कुल आय | ६९६७६६२९१ | कुल खर्च | ७१३१९६९४१ |
| बाँकी मौज्दात | | ६१३१६५९६ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्ने तथा सो को विवरण सार्वजनिकरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण नियन्त्रण गर्नुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- कर्मचारीको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषमा रकम खर्च गर्दा नियमानुसार गर्नुपर्ने योगदान सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, सामयिक प्रतिवेदन नदिने र प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन समेत नभएकोले आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा पदपूर्ति गर्ने र सेवा करारबाट लिइने कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक निर्माण कार्यको सामाजिक परीक्षण गर्नुपर्दछ।
- पालिकाले सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गरी स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।
- अनुगमन कार्यलाई कार्यक्रम कार्यान्वयनसँग सम्वन्धित शाखामा केन्द्रित गरेर औचित्य विश्लेषण गरेर मात्र अनुगमनको दायित्व भुक्तानी हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन संरचना खरिद गरिएका स्वास्थ्य उपकरण समयमै निर्माण सम्पन्न गरी जडान गरेर सञ्चालनमा ल्याउनुपर्दछ ।
- स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ को परिधिभित्र रहेर ईन्धन, अनुगमन भत्ता, भ्रमण खर्च लगायतका सुविधा भुक्तानी गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।